'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६९८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २३७ ★ ने. सं. ११४६ जला थ्व, षष्ठी ★ बिहीबार ★ १ असोज, २०८३ ★ September 17, 2026, Wednesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## इजरायली आक्रमणले गाजाको अपार्टमेन्ट भत्किँदा २० जनाको मृत्यु सयौँ बेपत्ता



गाजा सिटी, ३१ भदौ (एएफपी, अलजजिरा) । इजरायली आक्रमणका कारण गाजाको एउटा अपार्टमेन्ट भवन भत्किँदा कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै १०० जनाभन्दा बढी बेपत्ता भएको जनाइएको छ ।

हमासअन्तर्गत उद्धार सेवाको रूपमा काम गर्ने नागरिक सुरक्षा एजेन्सीका अनुसार भवन गाजा सहरको ताल अल-हवा क्षेत्रमा नजिकैको घर तथा शिविरमाथि रातारात खसेको थियो ।

एजेन्सीका प्रवक्ता महमुद बासलले इजरायली आक्रमणबाट भवनको संरचनात्मक क्षति भएको बताउनुभयो । अहिलेसम्म पाँच बालबालिकासहित कम्तीमा १२ जनाको शवको बरामद भइसकेको बासलले बताउनुभएको छ भने १०० जनाभन्दा बढी बेपत्ता रहेको पनि उल्लेख गर्नुभएको छ ।

सन् २०२४ र मार्च २०२५ मा भवनमा धेरै पटक प्रहार भएकाले गाजानलाई यस्ता क्षतिग्रस्त भवनहरूमा बस्न नहुने चेतावनी दिइएको भए तापनि उनीहरूसँग अरू विकल्प नभएकाले उनीहरू ढल्ने जोखिमको बाबजुद दरार भएका, क्षतिग्रस्त भवनमा बसिरहेको बासलले बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार इजरायली आक्रमणमा गाजाका अधिकांश भवन क्षतिग्रस्त वा ध्वस्त भएका छन् ।

आधिकारिक तथ्याङ्का अनुसार हमासको नेतृत्वमा सन् २०२३ अक्टोबर-

बाँकी पृष्ठ ८ मा

## खेलाडीमा अनुशासन तथा समर्पित भावना आवश्यक




भक्तपुर, ३१ भदौ । भक्तपुर जिल्ला भलिबल सङ्घको छैटौँ साधारणसभाको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले खेलकुद क्षेत्रमा उत्कृष्टता हासिल गर्न आधुनिक र सुविधासम्पन्न पूर्वाधारसँगै उचित तालिम, खेलाडीमा अनुशासन तथा समर्पित भावना आवश्यक रहेको बताउनुभयो । उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीका लागि राज्यले उचित सेवा-सुविधाको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले खेलकुद विकासका लागि विभिन्न क्षेत्रमा कभर्ड हल निर्माण गर्नुका साथै विभिन्न खेलको नियमित प्रशिक्षण सञ्चालन गर्दै आएको उहाँले बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले देशको विकास आफ्नै क्षमता र निर्णयमा आधारित हुनुपर्ने धारणा राख्दै आत्मनिर्भरता र देशभक्तिको भावनाले मात्र देशलाई दीर्घकालीन रूपमा विकासको बाटोमा अघि बढाउन सकिने बताउनुभयो । विदेशी ऋणमा आधारित विकास योजनाले मुलुकलाई आत्मनिर्भर बनाउन नसक्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा प्रजापतिले बाह्य प्रभावबाट देशका महत्त्वपूर्ण निर्णय प्रभावित हुन नहुने बताउनुभयो । विदेशी संस्थाहरूले विभिन्न माध्यमबाट राजनीतिक परिवर्तनमा प्रभाव पार्न सक्ने भन्दै त्यसप्रति सचेत हुनुपर्ने धारणा पनि उहाँले राख्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "साम्राज्यवादी देशहरू चर्चित कलाकारहरूमार्फत सरकार परिवर्तन गर्ने प्रपञ्च गर्छन् । नेपाल न्यापरलाई सरकारमा पुऱ्याउन अमेरिकी संस्था प्रजातन्त्रको लागि राष्ट्रिय सहयोग (नेड) ले खेलेको भूमिकाबाट सचेत रहनुपर्छ ।"

नेपाल भलिबल सङ्घका उपाध्यक्ष गौतमप्रसाद लासिवाले खेलाडी तथा खेलकर्मीले सम्बन्धित ऐन-कानुनको अध्ययन गर्नुपर्ने बताउनुभयो । उहाँले पदभन्दा कामलाई प्राथमिकता दिनुपर्ने

बाँकी पृष्ठ ८ मा

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ११८

हवाई फायरको सम्बन्धमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (१) (क) ले भिड तितरबितर गर्न अपनाउनुपर्ने विधिमा हवाई फायर गर्न सक्ने व्यवस्था गरेको छ । भदौ २३ गते सुरक्षाकर्मीले हवाई फायर मात्र गरेको तर प्रदर्शनकारीहरूमाथि गोली प्रहार नगरेको आफ्नो बयानमा खुलाएका छन् । यथार्थमा सो दिन गोली लागी ज्यान गुमाएका व्यक्तिहरूको शव परीक्षणलगायत फोरेन्सिक जाँच र पोस्टमार्टम रिपोर्टले ज्यान गुमाउनुको मुख्य कारण गोली लागी मृत्यु भएको र उक्त गोली सुरक्षाकर्मीहरूले प्रयोग गर्ने हतियारसँग मेल खान्छ भन्ने स्पष्ट पारेका छन् । त्यस अतिरिक्त प्रत्यक्षदर्शी र सिभिल अस्पतालमा खटिएका चिकित्सकहरूको भनाइअनुसार पनि उपचारका लागि लगिएका घाइतेहरू अधिकांशलाई सुरक्षाकर्मीले प्रयोग गर्ने बन्दुकको गोली लागेको देखिन्छ । यस तथ्यबाट यो प्रस्ट हुन्छ कि सङ्घीय संसद् भवन अगाडिको सार्वजनिक स्थानमा हवाई फायर मात्र नभई घातक धातुको गोली नै प्रयोग भएको थियो । बल प्रयोग गर्दा रबर बुलेट बढी प्रयोग गरी इन्सास र एसएमजीजस्ता बन्दुक प्रयोग नहुनुपर्नेमा तिनको प्रयोग बढी भएको प्रमाणबाट पुष्टि हुन्छ । भिड नियन्त्रण कार्यमा गैर-घातक सामग्री (pepper spray, baton launcher slippery foam, sticky foam, immobilizing foam, taser, sponge round) जस्ता आधुनिक वस्तुहरूको अत्यधिक प्रयोग गरिनुपर्छ । तर, गैरघातक सामग्रीहरूको खरिदका लागि सरकारी तथा सुरक्षा निकायका पदाधिकारीले त्यसतर्फ समयमा नै उचित ध्यान दिएको देखिँदैन ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(१) (ख) ले भिडमा गोली नै चलाउनुपर्ने अवस्था आएमा घुँडामुनि पारी गोली चलाउनुपर्ने व्यवस्था गरेको छ, तर माथिको व्यहोराले सङ्घीय संसद् भवन अगाडि मृत्यु भएका व्यक्तिहरूमध्ये अधिकांशको शरीरको माथिल्लो भागमा गोली लागी मृत्यु भएको, मृतकहरूको शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणबाट प्रस्ट हुन्छ । यसरी हेर्दा उक्त घटनामा excessive use of force प्रयोग भएको देखिन्छ । घातक हतियार नै प्रयोग गर्नु प र Light Arms प्रयोग हुनुपर्नेमा फिल्डमा खटिएका प्रहरी कर्मचारीहरूमा धेरै कम मात्रामा उपलब्ध भएको देखियो ।

यससँगै जोडिएर अर्को प्रश्न आउँछ, के सुरक्षा निकायबाट जथाभावी गोली प्रहार भयो ? आयोगद्वारा छानबिनको क्रममा सम्पर्क गरिएका व्यक्तिहरूले दिएको बयान र आयोगको स्थलगत निरीक्षणमा देखिएका दशी प्रमाणबाट सुरक्षा निकायबाट बल प्रयोग गर्दा targeted नभई indiscriminate use of force भएको छ । यसको उदाहरण बानेश्वर चोक नजिक पहिलो तलामा रहेको हिमालयन जाभा र त्यसका सञ्चालक सन्तकुमार मेहताको घाटीमा गोली लागी २ महिना ट्रमा सेन्टरमा बस्नुपऱ्यो । सोही नजिक ४ तलामाथि बानेश्वर चोकमा दक्षिणपश्चिम भागमा रहेको हार्डफोर्ड एजुकेसन सेन्टर चलाउने महेशकुमार श्रेष्ठको कार्यालय कोठामा गोली लागी सोही कोठामा रहेको आलमारीमा गोलीको दाग देखिएको छ । त्यसै गरी नजिकै रहेको अरबिका क्याफेभित्रसम्म प्रहरीबाट फायर भएको गोली पुगेको देखिन्छ । घाइतेलाई rescue गर्न जाँदा अर्को एक जनाको ज्यान गएको प्रत्यक्षदर्शीले बताएका छन् । यी प्रतिनिधि घटनाहरू र यस्ता अरु घटनाहरूले प्रहरीबाट जथाभावी गोली प्रहार प्रयोग भएको देखिन्छ ।

अर्को विचारणीय पक्ष त्यस दिनको घटनामा धातुको गोली प्रयोग गर्नुपर्ने परिस्थिति विद्यमान थियो वा थिएन भनी हेर्नुपर्ने हुन्छ । प्रदर्शनकारीहरू उग्र थिए भन्ने सङ्कलित प्रमाणबाट देखिन्छ तर तिनको क्रियाकलापबाट प्रहरीमाथि imminent threat थियो भनी यकिनसाथ भन्न सक्ने अवस्था छैन । उदाहरणका लागि केही प्रदर्शनकारीहरू सङ्घीय संसद् भवन परिसरभित्र प्रवेश गरेकोमा तिनलाई प्रहरीले संसद् भवनको भित्री परिसरबाट सम्झाइबुझाइ गर्दा नमान्नेहरूलाई सामान्य बल प्रयोग गरी बाहिर पठाएको देखिन्छ । त्यही दिन घाइते प्रहरीलाई लिन सङ्घीय

बाँकी पृष्ठ ८ मा

## जनताप्रति समर्पित बनाइएन भने देशमा उपद्रव भइरहने

काठमाडौँ, ३१ भदौ । जेन-जीहरूको आन्दोलनको पूर्व तयारी जतिसुकै पहिलेदेखि भए पनि आन्दोलन गत वर्ष भदौ २३ र २४ गते भएको हो । पहिलो दिनको आन्दोलनमै युवा - विद्यार्थीहरूको हत्या भयो या टाउको र छातीमा ताकी ताकी गोली ठोकी हत्या गरियो । दोस्रो दिन सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन, नेताहरूको भवन र सयौँ सरकारी भवनमा आगजनी गरियो । पहिलो दिनको आन्दोलनमा युवा विद्यार्थीलाई हत्या गरिनु जसरी गलत थियो त्यस्तै दोस्रो दिन भवनहरूमा आगजनी गर्नु पनि गलतै थियो । सुशीला कार्कीको नेतृत्वमा बनेको सरकारको पालामा गौरीबहादुर कार्कीको नेतृत्वमा गठित छानबिन समितिले भदौ २३ र २४ गते घटेको घटनाबारे प्रतिवेदन तयार गर्नुपर्ने हो; प्रतिवेदनमा उल्लेख भएअनुसार कारबाहीको प्रक्रिया अघि बढाउनुपर्ने हो । तर, प्रतिवेदन पहिलो दिनको मात्र तयार गरियो । यसले सुशीला कार्कीको नेतृत्वमा बनेको सरकार पूर्वाग्रही भएको प्रमाणित गऱ्यो । सरकारले विभेद गरेको प्रस्ट देखियो ।

फागुन २१ गतेको निर्वाचनपछि गठन भएको बालेन्द्र साहको नेतृत्वमा गठित सरकारको त्यसतर्फ ध्यानै गएन । दोस्रो दिन भएको घटनाबारे चासो नराख्नुको अर्थ सरकार पनि उही ड्याङको मुला भएको दर्शाउँछ । पहिलो दिनको आन्दोलनमा हत्या गरेकाहरूमाथि मात्र होइन दोस्रो दिन आगजनी गर्ने विध्वंसकारीहरूमाथि पनि कारबाही गर्नु जरुरी छ । दोस्रो दिनको घटनाबारे प्रतिवेदन तयार नगर्नु, नगराउनुको अर्थ त्यो आन्दोलनमा नेतृत्व गर्ने युवाहरू अहिलेको सरकारमा हुनु पनि हो । अहिले सरकारको नेतृत्व गर्ने मन्त्री र सांसदहरू पनि उक्त आन्दोलनमा सरिक भएका थिए । ती युवाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थामा आबद्ध छन् । यसले पनि जेन-जी आन्दोलनमा विदेशी शक्तिराष्ट्र र विदेशी दलालहरूको हात रहेको प्रस्ट हुन्छ । यो कुरा घटनाक्रमसँगै समयले पुष्टि गर्दै छ ।

बाँकी पृष्ठ ८



रित्ता सिलिन्डर

काठमाडौँ महानगरपालिका-७ मा बुधबार ग्यास सिलिन्डर भर्न पालो कुरिरहेका सर्वसाधारण। *तस्बिर: शरच्चन्द्र भण्डारी/रासस*

# वडा नं. १० को शिशु स्याहार केन्द्रमा अभिभावक भेला

भक्तपुर, ३१ भदौ। भक्तपुर नगरपालिकाद्वारा असोज १ गतेदेखि सञ्चालनमा ल्याउन लागिएको वडा नं. १० स्थित शिशु स्याहार केन्द्रमा अभिभावक भेला सम्पन्न भयो।

भेलामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वडा नं. १० मा शिशु स्याहार केन्द्रको अभाव पूर्ति गर्न नगरपालिकाले केन्द्र सञ्चालनमा ल्याएको बताउनुभयो।

उहाँले सानै उमेरदेखि बालबालिकालाई राम्रो संस्कार र शिक्षा दिनुपर्नेमा जोड दिँदै केन्द्रमा कार्यरत दिदी तथा शिक्षकहरूले बालबालिकालाई आफ्नै सन्तानसरह माया, हेरचाह र राम्रो संस्कार प्रदान गर्ने उहाँले बताउनुभयो।

तालिम प्राप्त शिक्षकमार्फत बालबालिकाको हेरचाह गरिनुका साथै बाल विशेषज्ञमार्फत आँखा परीक्षणलगायत स्वास्थ्य परीक्षणसमेत गरिने उहाँको भनाइ थियो।

महिलाहरूको रोजगारी सुनिश्चित गर्न तथा उनीहरूको श्रमशक्तिको अधिकतम सदुपयोग गर्न शिशु स्याहार केन्द्रले सहयोग पुग्ने प्रमुख प्रजापतिले बताउनुभयो। साथै, नगरपालिकाले ७० वर्ष उमेर नाघेका ज्येष्ठ नागरिकका लागि असोज ४ गतेदेखि आदर निकेतन सञ्चालन गर्न लागेको जानकारी दिँदै सरसफाइ र बालबालिकाको सुरक्षामा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

उहाँले आइतबार बिदाको दिनमा समेत शिशु स्याहार केन्द्र सञ्चालन हुने बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले नगरवासीलाई सहज सेवा उपलब्ध गराउने र समाजलाई अझ व्यवस्थित तथा राम्रो बनाउने उद्देश्यले केन्द्र सञ्चालन गरिएको उहाँले बताउनुभयो।

नगरवासीका गुनासालाई सम्बोधन गर्दै नगरपालिका अघि बढ्ने र नगरको विकास तथा निर्माणसम्बन्धी गतिविधिबारे नागरिकलाई जानकारी गराउँदै जाने उहाँले बताउनुभयो।

शिशु स्याहार केन्द्रका प्रमुख दीपेन्द्र प्रजापतिले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै नगरपालिकाले शिक्षा क्षेत्रमा लगानी गर्दै आएको बताउनुभयो। नगरपालिकाले सञ्चालनमा ल्याउन लागेको नयाँ शिशु स्याहार केन्द्रमा हालसम्म ४० जना बालबालिका भर्ना भइसकेको उहाँले जानकारी दिनुभयो।

केन्द्रमा २ जना शिक्षिका र २ जना आया दिदीले सेवा दिने व्यवस्था गरिएको र बालबालिकाको शारीरिक तथा मानसिक विकासमा विशेष ध्यान दिइने र दैनिक दुई पटक खाजाको व्यवस्था गरिएको केन्द्र प्रमुख प्रजापतिले बताउनुभयो।

शिशु स्याहार केन्द्र सञ्चालनले बालबालिकाको प्रारम्भिक विकाससँगै अभिभावक, विशेष गरी महिलाहरूलाई आफ्नो रोजगारी तथा अन्य काममा सहज वातावरण सिर्जना हुने अपेक्षा गरिएको छ।

# पाठ्यक्रम परिमार्जनको लागि रचनात्मक सुझाव सङ्कलन

काठमाडौँ, ३१ भदौ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ परिमार्जनका लागि देशभरबाट रचनात्मक सुझाव सङ्कलन भएका छन्।

नैतिक शिक्षा, संस्कार, कृत्रिम बुद्धिमत्ता (एआई), कोडिङ, जलवायु परिवर्तन, सीप तथा उद्यमशीलतालाई प्राथमिकताका साथ पाठ्यक्रममा समेट्नुपर्ने विषय सकारात्मक रूपमा समेटिएका छन्।

सातै प्रदेशमा सञ्चालन गरिएको सुझाव तथा पृष्ठपोषण सङ्कलन अभियानमा २५ हजारभन्दा बढी व्यक्ति सहभागी थिए।

पाठ्यक्रम विकास केन्द्रले २८ जिल्लाका नगरपालिका, गाउँपालिका, विद्यालय तथा कक्षाकोठासम्म पुगेर विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय तह तथा अन्य सरोकारवालासँग प्रत्यक्ष अन्तरक्रिया गरेको थियो।

केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीले पाठ्यक्रम गतिशील दस्तावेज भएकाले समयअनुसार परिमार्जन तथा अद्यावधिक आवश्यक रहेको बताउनुभयो।

उहाँले विज्ञसँगै पाठ्यक्रमका प्रमुख प्रयोगकर्ता तथा सरोकारवालालाई प्रत्यक्ष रूपमा सहभागी गराइ सुझाव सङ्कलन गरिएको जानकारी दिनुभयो।

"कक्षाकोठामै पुगेर विद्यार्थी र शिक्षकसँग पाठ्यक्रम कार्यान्वयनको अवस्था तथा उहाँहरूले भोगिरहेका समस्या र आवश्यक सुधारका विषयमा पृष्ठपोषण लिएका छौँ," पराजुलीले बताउनुभयो।

सुझाव सङ्कलनका लागि सातै प्रदेशका ४६ केन्द्रमा कार्यक्रम सञ्चालन गरिएको थियो। कोसीमा सात, मधेसमा १०, वाग्मतीमा पाँच, गण्डकीमा छ, लुम्बिनीमा आठ, सुदूरपश्चिममा पाँच र कर्णालीमा पाँच केन्द्रमा कार्यक्रम आयोजना गरिएको थियो।

**पाठ्यक्रमलाई व्यवहारिक बनाउनुपर्ने सुझाव:**

सरोकारवालाले पाठ्यक्रमलाई व्यवहारिक बनाउनुपर्ने सुझाव दिएका छन्। विद्यालय तहदेखि नै शिक्षासँगै सीप, व्यावसायिक ज्ञान तथा उद्यमशीलता विकासमा जोड दिनुपर्ने उहाँहरूको सुझाव थियो।

सूचना प्रविधिको तीव्र विकासलाई ध्यानमा राख्दै एआई तथा कोडिङसम्बन्धी ज्ञानलाई विद्यालय शिक्षासँग जोड्नुपर्ने विषय पनि प्राथमिकताका साथ उठेको छ।

त्यस्तै, जलवायु परिवर्तनसँग अनुकूलन गर्न आवश्यक ज्ञान तथा सीप, विपद्जन्य घटना र विपद् व्यवस्थापनसम्बन्धी विषयलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने सुझाव प्राप्त भएका थिए।

नैतिक शिक्षा र संस्कारमा आधारित शिक्षालाई बलियो बनाउनुपर्ने विषय छलफलमा उठेको थियो।

**शिक्षक तयारी र मूल्याङ्कन प्रणालीमा सुधारको माग:**

सरोकारवालाले शिक्षकको पेशागत विकास तथा शिक्षक तयारीलाई पाठ्यक्रम सुधारसँगै प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका छन्।

त्यसैगरी, पाठ्यक्रम, शिक्षण विधि तथा मूल्याङ्कन प्रणालीमा समावेशितालाई थप प्रभावकारी बनाउनुपर्ने सुझाव प्राप्त भएको छ।

विद्यालयमा 'बुक फ्री डे' तथा 'ब्यागलेस डे' जस्ता अभ्यासलाई प्रभावकारी रूपमा अघि बढाउनुपर्ने सुझावसमेत दिइएको छ।

**१२ थिमेटिक पेपर र अनुसन्धानका निष्कर्ष पनि समेटिने:**

केन्द्रका अनुसार सरोकारवालाबाट प्राप्त सुझावसँगै विज्ञले तयार पारेका १२ वटा थिमेटिक पेपर तथा विभिन्न अनुसन्धान प्रतिवेदनका निष्कर्षलाई समेत पाठ्यक्रम परिमार्जनमा आधार बनाइनेछ।

देशभरबाट सङ्कलित सुझाव तथा पृष्ठपोषणको विश्लेषण गरी विज्ञ, अनुसन्धानकर्ता तथा सरोकारवालाबाट प्राप्त सुझावलाई एकीकृत गरेर राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ परिमार्जनको कार्य अघि बढाइने केन्द्रले जनाएको छ। *(रासस)*

# भक्तपुर युवा टीमको आयोजनामा रक्तदान शिविर




भक्तपुर, ३१ भदौ। विपद्का समयमा आवश्यक पर्ने रगतको अभाव हुन नदिन भक्तपुर युवा टीमले रक्तदान कार्यक्रम आयोजना गऱ्यो। गोल्मढी बजार, सिद्धि गणेश मन्दिर परिसरमा भएको रक्तदान शिविरमा ५२ जनाले रक्तदान गरेको टीमका कार्यबाहक अध्यक्ष केदार तुईतईले जानकारी गराउनुभयो। विपद्पछिको सहयोग, रक्तदान जीवनदान भन्ने सन्देशसहित आयोजना गरिएको उक्त कार्यक्रममा सहभागी रक्तदातालाई टीमका संस्थापक अध्यक्ष तथा सल्लाहकार विश्वराम कवां, कार्यबाहक अध्यक्ष केदार तुईतुई तथा टीमका पदाधिकारीहरूले प्रशंसा-पत्र प्रदान गर्नुभएको थियो।

भक्तपुर युवा टीमले मित्रता, अनुशासन र स्वास्थ्यका लागि युवाहरूलाई खेलकुद, सामाजिक तथा मानवीय सेवामा सहभागी गराउने उद्देश्यले विभिन्न गतिविधि गर्दै आएको छ। विपद्का बेला घाइते तथा बिरामीका लागि रगतको आवश्यकता बढ्ने भएकोले युवाहरूले गरेको रक्तदानले मानवीय सेवामा महत्त्वपूर्ण योगदान पुग्ने आयोजकको भनाइ छ।

# 'डिजिटल पार्लियामेन्ट प्लेटफर्म' को परीक्षण सुरु

काठमाडौँ, ३१ भदौ। सङ्घीय संसद् सचिवालयले 'डिजिटल पार्लियामेन्ट प्लेटफर्म'को परीक्षण सुरु गरेको छ। सभामुख डोलप्रसाद अर्याल र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले संयुक्तरूपमा सो 'प्लेटफर्म' सुभारम्भ गर्नुभयो।

सो अवसरमा सभामुख अर्यालले डिजिटल प्रणाली कुनै विलासिता नभई वर्तमान युगको आवश्यकता भएको बताउनुभयो। सङ्घीय संसद्का गतिविधि, विधेयकको अवस्था, सांसदको विवरण, बैठक तथा समितिका सूचना र नेपालको संसदीय इतिहाससँग सम्बन्धित अभिलेखलाई एउटै डिजिटल प्लेटफर्ममा समेटिने प्रयास गरिएको उहाँले बताउनुभयो।

संसदीय अभिलेख दीर्घकालीन रूपमा सुरक्षित राख्दै नागरिकलाई सहज र एकीकृत रूपमा उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको डिजिटल प्रणालीलाई आगामी अधिवेशन सुरु हुनुअघि थप परिस्कृत गरिने सभामुखले बताउनुभयो।

डिजिटल पार्लियामेन्ट हाल परीक्षणको चरणमा रहेकाले प्रयोगका क्रममा देखिएका कमी-कमजोरीबारे सुझाव दिन उहाँले आग्रह गर्नुभयो। प्राप्त सुझावका आधारमा प्रणालीलाई थप सरल, सहज, प्रयोगकर्ता-मैत्री र प्रभावकारी बनाउँदै लैजाने उहाँले बताउनुभयो। "नयाँ प्रविधि सिक्न इच्छाशक्ति र अभ्यास आवश्यक हुन्छ। आजको सहभागिता नै यसको महत्त्वपूर्ण सुरुआत हो", उहाँले भन्नुभयो।

राष्ट्रियसभाका अध्यक्ष दाहालले लोकतन्त्रको बलियो आधार संसद् रहेकाले सूचना प्रविधिको विकाससँगै परिस्कृत संसद् बनाउनुपर्नेमा जोड दिनुभयो छ। गुणस्तरीय र प्रभावकारी रूपमा 'प्लेटफर्म' सञ्चालन गर्न दक्ष जनशक्तिको जरुरी हुने र त्यसका लागि आवश्यक आइटीसम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिने बताउनुभयो।

सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले सरकार र नागरिकसँग प्रत्यक्ष जोडिन डिजिटल प्लेटफर्म सहज माध्यम हुने बताउनुभयो।

**प्लेटफर्ममा सांसदको हाजिरीदेखि विधेयक सुझावसम्म**

सङ्घीय संसद् सचिवालयले सुरु गरेको सांसदको हाजिरीदेखि विधेयक सुझाव सङ्कलनसम्मका विषय समावेश गरिने भएको छ। प्लेटफर्ममा सङ्घीय संसद्का प्रशासनिक, व्यवस्थापकीय तथा विधायिकी कार्यलाई डिजिटल प्रणालीमा आबद्ध गर्दै संसद्का सूचना, अभिलेख तथा गतिविधिलाई व्यवस्थित, सुरक्षित र सहज पहुँचयोग्य बनाउने विभिन्न १२ विषय समेटिएका छन्।

सांसद एवं सदस्यहरूको विविध विवरणहरूको एकीकृत अभिलेखको सङ्ग्रह तयार हुने, सांसदको प्रोफाइल, राजनीतिक दल, निर्वाचन क्षेत्र, प्रदेश तथा सदनअनुसार सदस्यको विवरण व्यवस्थापन, बायोमेट्रिक तथा पहिचानसम्बन्धी विवरणको सुरक्षित व्यवस्थापन गरिने सचिवलायका महासचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिनुभयो।

उहाँका अनुसार सदन तथा समितिका बैठकको मिति, समय, स्थान र कार्यसूची व्यवस्थापन गर्ने, बैठकसम्बन्धी सूचना, कागजात तथा कार्यविवरणको डिजिटल वितरण तयार गर्ने, बैठकको अवस्थाजस्तै निर्धारित, सञ्चालनमा रहेको, स्थगित वा सम्पन्न, अद्यावधिक गर्नेसमेत कार्यको विवरण 'डिजिटल प्लेटफर्म' मा राखिनेछ।

# भिरबाट ट्याक्टर खस्दा दुई जनाको मृत्यु

ओखलढुङ्गा, ३१ भदौ। मानेभञ्ज्याङ गाउँपालिका-९ मा भिरबाट ट्याक्टर खस्दा दुई जनाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार ढुङ्गा बोकेको ट्याक्टर सडकबाट करिब १०० मिटर तल खस्दा मानेभञ्ज्याङ गाउँपालिका-८ का २० वर्षीय नवीन पुलामी र सोही स्थानका ६२ वर्षीय छविलाल तिमल्सिनाको घटनास्थलमा मृत्यु भएको हो।

ट्याक्टर चालक मानेभञ्ज्याङ गाउँपालिका-८ का २५ वर्षीय मिलन राई, सोही स्थानका २९ वर्षीय तुलसी थापामगर र २८ वर्षीय भीमबहादुर सार्की भने सकुशल छन्।

चालक राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ। *(रासस)*

## सङ्क्षिप्त समाचार

# वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

भक्तपुर, ३१ भदौ । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजनामा एनएमबी बैङ्क सूर्यविनायक शाखासँगको सहकार्यमा लघु घरेलु तथा साना उद्यमी कर्जासम्बन्धी वित्तीय साक्षरता कार्यक्रम बुधबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घले सदस्यहरूलाई सहजरूपमा वित्तीय पहुँच पुऱ्याउन कार्यक्रम आयोजना गरेको बताउनुभयो ।

उहाँले व्यक्तिगतसँग भन्दा बैङ्कसँग ऋण लिँदा हुने सुविधा र फाइदाबारे जानकारी गराउनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका केन्द्रीय कोषाध्यक्ष वीरेन्द्र जतिले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घलगायत नेपालभर रहेका लघु घरेलु तथा साना उद्यमीहरूलाई केही सहजीकरण गरिदिएको खण्डमा बैङ्कमार्फत नै ऋण लिन महासङ्घबाट पहल गरिदिने बताउनुभयो ।

एनएमबी बैङ्क बाग्मती प्रदेशका प्रमुख कमल पोखरेलले बैङ्कमार्फत कारोबार गरेमा उद्यमीहरूले विभिन्न लाभ लिन सक्ने बताउनुभयो ।

एनएमबी सूर्यविनायक शाखाका प्रमुख प्रकाश कस्तीले ५० लाखसम्मको लगानीमा बैङ्कले धेरै लचकता अपनाएको हुँदा आवश्यक कागजपत्र पेस गरेको केही दिनभित्र लगानी गर्न सकिने जानकारी गराउनुभयो ।

एनएमबी क्यापिटलका लचना शाक्यले एनएमबी क्यापिटलअन्तर्गत एनएमबी बैङ्कको शाखाबाट शेयर कारोबारको लागि डिम्याट तथा टीएमएस ब्रोकर खाता खोली कारोबार गर्न सकिने जानकारी गराउनुभयो ।

कार्यक्रममा स्वस्ति खड्का, एनएमबी बैङ्क बाग्मती क्षेत्रका व्यवस्थापक निरन श्रेष्ठ, सङ्घका उपाध्यक्ष हरिगोपाल त्वायनालगायतले बोल्नुभएको थियो ।

# हुलाकमार्फत बोलपत्र दाखिला गर्न सकिने

काठमाडौँ, ३१ भदौ । सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणालीमा उच्च सुरक्षा जोखिम देखिएकाले केही समयको लागि बोलपत्रदाताले हुलाकमार्फत बोलपत्र दाखिला गर्न सक्ने जनाएको छ ।

कार्यालयले आज सार्वजनिक सूचना जारी गरे विद्युतीय खरिद प्रणाली सञ्चालनमा नआउन्जेलसम्म बोलपत्रदाता स्वयं उपस्थित भई, प्रतिनिधिमार्फत, हुलाक वा कुरियरमार्फत बोलपत्र बुझाउन सकिने जनाएको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयको यही भदौ ३० गतेको सचिवस्तरीय निर्णयअनुसार विद्युतीय खरिद प्रणाली सञ्चालनमा नआउन्जेलसम्म हुलाकमार्फत बोलपत्र दाखिला गर्ने व्यवस्था भएकाले हुलाकमार्फत बोलपत्र कागजात प्राप्त गर्ने, हुलाकमार्फत कानुनबमोजिम तोकिएको समयसीमाभित्रै कार्यालयमा दाखिला गर्न सक्ने व्यवस्था मिलाएको बताइएको छ ।

कार्यालयले विद्युतीय खरिद प्रणाली पुनः सञ्चालनमा नआउँदासम्म सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (२) अनुसार बोलपत्र कागजात प्राप्त गर्ने व्यवस्था लागू हुने कार्यालयले स्पष्ट पारेको छ । *(रासस)*

# सार्वजनिक यात्रुवाहक सवारीसाधनको दर्ता खुला

काठमाडौँ, ३१ भदौ । यातायात व्यवस्था विभागले सार्वजनिक यात्रुवाहक सवारीसाधनको निश्चित सीमा तोकेर दर्ता खुला गरेको छ ।

विभागले भदौ ३० गते सातवटै प्रदेशका पूर्वाधारसँग सम्बन्धित मन्त्रालयलाई पत्राचार गरी काठमाडौँ उपत्यकाभित्रको रुट तथा सवारीसाधन व्यवस्थापनको लागि हाललाई असोज १ गतेदेखि लागू हुने गरी दर्ता खुला गरेको हो ।

काठमाडौँ उपत्यका बाहिर मात्र दर्ता हुने तथा दर्तामा विद्युतीय सार्वजनिक यात्रुवाहक सवारीसाधनलाई प्राथमिकता दिइने विभागको भनाइ छ । विभागका निर्देशक मणिराम भुसालले काठमाडौँ उपत्यकाभित्र भने स्कुलबस एवं सट्टाभर्नाको हकमा मात्र सार्वजनिक सवारीसाधनको दर्ता खुला गरिएको बताउनुभयो ।

यसअघि विभागले नेपालमा पैठारी हुने सार्वजनिक सवारीसाधनको दर्ता अर्को सूचना जारी नभएसम्मका लागि रोक्का गरिएकामा गत साउन १८ गते एक सूचना जारी गरी मालवाहक सवारीसाधनको दर्ता खुला गरेको थियो । *(रासस)*

# प्रसूति बिदा छ महिना दिने प्रस्तावसहितको विधेयक

काठमाडौँ, ३१ भदौ । सरकारले आमालाई कम्तीमा छ महिना तलबसहितको प्रसूति बिदा र बुबालाई ४२ दिनसम्म तलबसहितको प्रसूति स्याहार बिदा दिने व्यवस्थाका लागि प्रस्ताव गरेको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ संशोधनका लागि तयार गरिएको विधेयकमा उक्त व्यवस्था प्रस्ताव गरिएको जानकारी दिनुभएको हो । सामाजिक सञ्जालमार्फत आज उहाँले उक्त विधेयक अब मन्त्रिपरिषद् लैजाने र त्यसपछि संसदमा पेस गरिने उल्लेख गर्नुभएको छ ।

मन्त्री गौतमले बदलिँदो जीवनशैली र कामको चापका कारण अधिकांश परिवार एक वा दुई सन्तानमा सीमित भइरहेका अवस्थामा नवजात शिशु र परिवारलाई पर्याप्त समय दिन अभिभावकलाई सहयोग गर्नु राज्यको जिम्मेवारी भएको बताउनुभएको छ । प्रस्तावित व्यवस्थाअनुसार आमाले कम्तीमा छ महिना तलबसहितको प्रसूति बिदा पाउने र बुबाले ४२ दिनसम्म तलबसहितको प्रसूति स्याहार बिदा पाउने व्यवस्था गरिनेछ । मन्त्री गौतमले बच्चा जन्माउने प्रक्रिया आमासँग जोडिए पनि बच्चा हुर्काउने जिम्मेवारी आमाको मात्र नभएको उल्लेख गर्दै अभिभावकत्व साझा जिम्मेवारी भएको बताउनुभएको छ । हाल कार्यान्वयनमा रहेको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको व्यवस्था गरेको छ । *(रासस)*



**अलपत्र अवस्थामा घुमाउनेघाट पुल**

नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत चितवनको भरतपुर महानगरपालिका र तनहुँको आँबुखैरेनी गाउँपालिकालाई जोड्ने घुमाउनेघाट पुल निर्माण सुरु भएको लामो समय बितिसक्दा पनि सम्पन्न हुन नसकी अलपत्र अवस्थामा । यो पुल निर्माण सम्पन्न भएमा पोखरालाई तराईसँग जोड्ने पृथ्वीराजमार्गको वैकल्पिक मार्गका रूपमा उपयोग हुने अपेक्षा गरिएको छ । *तस्विर: सनद अधिकारी/रासस*

# रसुवा बाढीले खोसेको खुसी : बिर्साएको चाड

महोत्तरी, ३१ भदौ । रसुवा बाढीयता मिथिला क्षेत्रमा धेरै सांस्कृतिक उत्सव र पारम्परिक चाडपर्व आए-गए । तर त्यस बाढीमा बेपत्ता भएका यहाँका परिवारमा भने ती चाडबाड आएको महसुस भएन । सधैँ बाबुको मुख हेर्ने दिन बिहानै फोन गर्ने तथा कुनै वर्ष अनुकूल समय मिलाएर आफ्नै हातले विभिन्न परिकार छोराले ख्वाएको सम्झने बर्दिबास-३ गौरीडाँडाका ध्रुव विष्टको त्यो दिन रुँदै बित्यो ।

तीजमा सधैँ भाइको स्नेह र सम्झना पाउने ध्रुवकी छोरी सृजनाले पनि यसपालिको पर्व रुँदै बिताउनुभयो । "प्रत्येक वर्ष भाइ तीज आउन पाँच/सात दिन पहिले नै फोन गरेर लिन आउने कुरा गर्थ्यो, सोधखोज गर्थ्यो, यसपालि भने उसकै पछिल्लो खबर सुन्न नपाएर पर्व बित्यो । अझै उसको केही पत्तो लाग्न सकेन", सृजना रुँदै वेदना पोख्नुहुन्छ ।

यस परिवारका सौभाग्य विष्ट भदौ १० को भोटेकोसी बाढीसँगै सम्पर्कविहीन भएपछि घरमा न चाडवाड आएको कसैलाई हेक्का छ । न आँखा नै ओभाउन पाएका छन् । भाइ सम्पर्कविहीन भएको खबरले हतास भएर दौडदै माइतीघर आउनुभएकी सृजनालाई आफू जन्मी हुर्केको घर अहिले बिरानोभैँ लाग्दैछ । "जसले खोजी गर्थ्यो उही छैन, उसको दिदी भन्ने एक वचन सुन्न पाए मन हलुङ्गो हुने थियो", उहाँ भन्नुहुन्छ, "अब त तीन साता बितिसके, कहिले पाइएला भाइको खबर ?" अपर त्रिशूली-१ जलविद्युत् आयोजनामा मेकानिकल इन्जिनियर रहनुभएका सौभाग्य बाढी आएसँगै सम्पर्कविहीन हुनुभएपछि परिवार गहिरो पीडामा छ ।

"कैयनपटक रसुवा र नुवाकोटका डाँडापाखा आफैँ गएर पनि खोजियो, रसुवादेखि चितवनसम्मका अस्पताल चहारी सकियो, सौभाग्यबाबुको कहीँ केही पत्ता लागेन", पिता ध्रुव रुँदै भन्नुहुन्छ, "मैले उसकी आमा, पत्नी, बहिनी र परिवारजनलाई अब कसरी सम्हाल्ने होला ?"

यस्तै बर्दिबास-९ पशुपतिनगरको गोमस्टाटोलका खिलबहादुर रानाको परिवार छोरी जोया रानाको खबर पाउन बेचैन छ । रानाले आफैँ हेलिकप्टर भाडामा लिएर पनि धेरै खोजी गर्नुभयो । तर जोयाको कहीँ अत्तोपत्तो लागेन । रसुवास्थित जलविद्युत् आयोजनामा कम्प्युटर इन्जिनियर रहेकी जोयाले रक्षाबन्धन पर्वमा घर आउने बताएकी पिता राना सम्झनुहुन्छ । "रक्षाबन्धनमा आउँछु भन्थी, दुई दिन पहिले आफैँ हराइ", पिता खिलबहादुर भक्कानिदै भन्नुहुन्छ । त्यसयता परेका चाडपर्व राना परिवारले केही सम्झेका छैनन् । "चाडपर्वमा घरमा सबैसँग रमाउने नै उही थिइ, अब के चाडवाड आउँलान् यो घरमा ?" करिब ७५ वर्षीया जोयाकी हजुरआमा रुँदै भन्नुहुन्छ ।

मधेसको मिथिला क्षेत्रमा चौरचन पर्व श्रद्धा निष्ठापूर्वक मनाइन्छ । भर्खरै यो पर्व सम्पन्न भएको छ । तर रसुवा बाढीमा सम्पर्कविहीन भएका मैथिल परिवारमा यसपालि चौरचन आएन । राखी, कृष्णजन्माष्टमी र चौरचन पर्व सकिए, तर मेरो छोराको केही खबर आएन पिपरा-३ की ६० वर्षीया विणादेवी यादव विह्वल हुँदै भन्नुहुन्छ, "चाडपर्वमा ऊ खुब रमाउँथ्यो, यसपालि रोएरै दिन बित्दैछन् ।"

जलेश्वर-१० सारीका १० वर्षीय बिटुलाल दास जतिखेर पनि पिता खोजी रहन्छन् । "कृष्णाष्टमी मेलामे बाबुसँगे मेला जायब कहैत भगडा करैछल, मुदा बिटुके बाबु त ओम्हरे हेरागेल", अर्थात् कृष्णअष्टमी पर्वमा बाबुसँग मेला जाने भन्दै झगडा गर्थ्यो, तर उसको बाबु त उतै हरायो नाति बिटुतिर देखाउँदै रसुवा बाढीमा परेर हराएका छोरा सम्झँदै सुशीलदासकी आमा भन्नुहुन्छ । नेपाली सेनाको जागिर छाडेर पर्यटक ओसार्ने काम थाल्नुभएका सुशील यसपालि यसै क्रममा रसुवाबाट सम्पर्कविहीन हुनुभएको हो ।

रसुवाबाढीसँगै सम्पर्कविहीन हुनुभएका मटिहानी-७ का गङ्गाराम मण्डलकी ६५ वर्षीय आमा ललितादेवी मण्डल बुहारी र चार नातिनातिना देखाउँदै अब यिनीहरूको चाडपर्वको रउस नफर्कने हो कि भन्ने चिन्ता गर्नुहुन्छ । यसपालिको विनासकारी रसुवा बाढीले धन सम्पत्ति र भौतिक संरचनामात्र नभएर मान्छेको मन पनि बगाएको छ ।

भोटेकोसी बाढी रसुवा नुवाकोट, धादिङ, गोरखा, तनहुँ र चितवन छिचोल्दै भारत पस्यो । आफ्नो गृह जिल्लाबाट सयौँ कोष टाढाको त्यो बाढीले अहिले महोत्तरीका कैयन बस्तीमा रुवाबासी मच्चाएको छ ।

एकपछि अर्को गर्दै चाडपर्व आइरहेका बेला सम्पर्कविहीन परिवारको छटपटी झन्झन् बढ्दो छ । परिवारको प्रतिपालको मुख्य जिम्मेवारी सम्हालेकाहरू नै हराएपछि यहाँ कुनै चाडपर्व भित्रिन सकेका छैनन् । रसुवा बाढीमा परी महोत्तरीका १० जना सम्पर्कविहीन छन् । सिङ्गो जिल्लामै अहिले जतातते तीनै १० सम्पर्कविहीनबारे चिन्ता र चासो पाइन्छ । सम्पर्कविहीन परिवारले सरकार, खोज, उद्धारमा कार्यरत जनशक्ति र सम्बद्ध पक्षसँग आफ्ना मान्छेको एकिन अवस्था स्पष्ट पारिदिन अनुनयविनय गरिरहेको छ । *(रासस)*

# घडियाल गोहीको प्राकृतिक वासस्थान जोखिममा

बाँके, ३१ भदौ । स्थानीय राप्ती नदीमा छाडिएको दुर्लभ प्रजातिका घडियाल गोहीको संरक्षण तथा प्राकृतिक बासस्थान जोखिममा परेको छ ।

बाँके राष्ट्रिय निकुञ्जले तीन वर्षदेखि मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने उक्त नदीमा दुर्लभ प्रजातिका घडियाल गोही छाड्दै आएको छ । निकुञ्जले नदीमा छाडेका ती गोही अहिले निकै कम देखिएको स्थानीयको भनाइ छ ।

प्राकृतिक वासस्थानका रूपमा रहेको त्यस नदीमा घडियाल गोहीको वासस्थान जोखिममा परेकाले गोहीको सुरक्षा हुन नसकेको बाँके राष्ट्रिय निकुञ्जले जनाएको छ । राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष गेहेन्द्रकुमार खड्काले राप्तीमा घडियाल गोहीको वासस्थान जोखिममा रहेको बताउनुहुन्छ । नदीमा आश्रित समुदायका लागि आयआर्जनको विकल्प नखोजेसम्म राप्तीमा घडियाल संरक्षण गर्न चुनौती रहेको उहाँको भनाइ छ । अध्यक्ष खड्काका अनुसार राप्तीमा आश्रित समुदायका कारणले गर्दा पनि यहाँ घडियाल गोही असुरक्षित भएका हुन् ।

अहिले पनि ठूलो समुदाय नदीमा आश्रित रहेको छ र सो समुदायले माछा मार्ने र सुन चालेर जीविकोपार्जन गर्ने भएकाले नदीमा आश्रित रहेका समुदायलाई विकल्प दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो । पर्यटकीय गतिविधिसँग जोडेर नदीमा आश्रित समुदायलाई जीविकोपार्जनसम्बन्धी काम दिन सकिनेमा जोड दिँदै खडकाले राप्तीमा घडियाल गोहीको संरक्षण हुन नसकेको बताउनुभयो ।

निकुञ्जका कार्यालय प्रमुख एवं वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्र कँडेलले पछिल्लो समयमा सिमसार क्षेत्र अतिक्रमणको चपेटामा परेको अवस्थामा गोही संरक्षणमा चुनौती देखिएको बताउनुभयो । उहाँले नदीमा गोहीको आहारा माछाको पनि कमी भएको उल्लेख गर्दै मानवको आवतजावतले पनि गोही संरक्षणमा अवरोध खडा गरेको बताउनुभयो ।

गोही विज्ञका अनुसार घडियाल विशेषगरी नेपाल र भारतमा मात्रै पाइन्छ । केही वर्ष अगाडि पाकिस्तान, भुटान र बङ्गलादेशमा घडियाल फेला परेको जनाइएको छ । घडियाललाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले पनि संरक्षित वन्यजन्तुको सूचीमा सूचीकृत गरेको छ । गोहीलाई कसैले मारेको खण्डमा सजाय हुने व्यवस्था गरिएको छ । कसैले शिकार गरेमा वा मारेको ठहर भएमा रु. एक लाखदेखि रु. पाँच लाखसम्म जरिवाना वा एक वर्षदेखि १० वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।

गोहीविज्ञका अनुसार 'मगर' प्रजातिको गोहीभन्दा 'घडियाल' शान्त स्वभावको मानिन्छ । घडियाल मान्छेलाई आक्रमण गर्दैन । घडियालको प्रमुख आहारा माछा हो । सफा पानीमा मात्र बस्न रुचाउने घडियाल गोहीका लागि राप्ती नदी उपयुक्त वासस्थान भए पनि नदी आसपास मानव बस्तीले संरक्षणमा चुनौती खडा गरेको छ ।

माछा मार्ने व्यवसाय गर्दैआएका खुना, कुमाल, बादीलगायतका समुदायको राप्ती नदी आसपासमा बाक्लो बसोबास रहेकाले घडियाल गोहीको प्राकृतिक वासस्थान जोगाउन पनि चुनौतीपूर्ण रहेको स्थानीयकै भनाइ छ । *(रासस)*

**। सम्पादकीय ।**

# शासक दलहरूमा विदेशी डलरका गैरसरकारी संस्थाको प्रभाव !

अमेरिकी सरकारले ल्याटिन अमेरिकी देशहरू, अफ्रिकी देशहरू, पूर्वी युरोपेली देशहरू र सोभियत सङ्घमा पनि गैरसरकारी संस्थाहरूमार्फत डलर खर्च गरी आफ्ना समर्थकहरू तयार गरी ती देशका सरकारविरूद्ध प्रदर्शन गराई अपदस्थ गरेका धेरै उदाहरण छन् । यो यथार्थ नेपालमा पालैपालो सरकारमा गएका नेका, एमाले, तत्कालीन माओवादीका शेरबहादुर देउवा, केपी ओली, पुष्पकमल दाहाललाई थाहा भएकै हो । बीबीसीको साझा सवाल नामको कार्यक्रममा हाल रास्वपाबाट प्रतिनिधिसभामा निर्वाचित सागर ढकालले नेकाका तत्कालीन प्रम देउवालाई नेपालमा अक्सफोर्ड युनिभर्सिटीबाट पास भएका प्रधानमन्त्री नभएको विषय उठाएका थिए । सीआईएअन्तर्गतका हाँगाहरूले रास्वपाका रवि, बालेन, सुधन, सागर, रञ्जुलगायतलाई आफ्नो अनुकूल गतिविधि गराउने गरी तयार गरेको गुप्त दस्ताबेज अमेरिकी खोज पत्रकार किट क्लारेनवर्गले 'द ग्रेजोन' मा खुलाएको सार्वजनिक भयो ।

गत वर्ष भदौ २३ र २४ गतेको विध्वंसपछि एमालेका तत्कालीन प्रधानमन्त्री ओली र नेकाका राष्ट्रपति रामचन्द्र पौडेल आ–आफ्नो सरकारी निवास छाडेर गएको अघिल्लो महिना भदौ २४ गतेको कान्तिपुर दैनिकमा 'राजनैतिक शक्ति सिंहदरबारबाट जङ्गी अड्डा सरेको ती ५ दिन' समाचारमा प्रकाशित भयो । ओलीलाई मकवानपुरको चुनवनास्थित नेपाली सेनाको ७ नम्बर बाहिनीमा राखिएको र राष्ट्रपति पौडेल परिवारसहित नेपाली सेनाको भैरवनाथ गणमा पुगेको सो समाचारमा उल्लेख छ । राष्ट्रपति पौडेल र ओली आ–आफ्ना सरकारी निवास छाडेर सेनाको ब्यारेकमा 'शरण' जानुपर्ने अवस्था कुन बाध्यताले भएको थियो, अहिलेसम्म दुवैले सार्वजनिक गरेका छैनन् ।

गत वर्षको भदौ २६ गतेको कान्तिपुरको सो अङ्कमा प्रकाशित भयो – माओवादीका दाहालले प्रधानसेनापतिको भनाइअनुसार निकास हुने भए पूर्वराजा ज्ञानेन्द्रलाई पनि छलफलमा बोलाए हुन्छ भनेका थिए । यो विषय अघिल्लो महिना भदौ ३१ गतेको कान्तिपुरमा राष्ट्रपति कार्यालयले पूर्वराजालाई छलफलमा बोलाउने प्रस्ताव कसैले नगरेको स्पष्टीकरण दियो । राष्ट्रपति कार्यालयका सल्लाहकार कुँवरका अनुसार गत वर्ष भदौ २६ गते लोकतान्त्रिक उपलब्धि मासिने भयो भनी गहभरि आँसु पारेर राष्ट्रपनि पौडेल भक्कानिएका थिए ।

शासकहरूले गल्ती गरे देश र जनतालाई धेरै पीडा हुने यथार्थ गत वर्ष भदौ २३ र २४ को विध्वंसमा तत्कालीन प्रम ओली र राष्ट्रपति पौडेलको सहमतिमा संविधानविपरीत नयाँ प्रधानमन्त्रीमा पूर्वप्रधानन्यायाधीस सुशीला कार्कीलाई नियुक्ति गरिएपछि पुष्टि भएन र ? नेपाली जनता सचेत होऔं ।

संयुक्त राष्ट्रसङ्घीय एक निकाय युनिसेफले रसुवा, धादिङ, नुवाकोट, गोर्खा, चितवनमा भोटेकोसी हिमपहिरोबाट पीडितमध्ये १७ हजार बालबालिकालाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग आवश्यक हुने बतायो । नेपालका लागि युनिसेफका प्रतिनिधि एलिस अंकुगाद्वारा जारी विज्ञप्तिमा विद्यालय सञ्चालन भइरहेको बेला आएको बाढीमा परेर अभिभावक गुमाएका ५४१ बालबालिका पुगेको र तिनका परिवारमा भावनात्मक घाउ छाडेको बताए ।

तत्कालीन माओवादीको दस वर्षको सशस्त्र द्वन्द्व, २०७२ सालको भूकम्प, २०७६ देखि ७८ सम्मको कोभिड–१९ महामारी, यस बिचमा देशको ठाउँ–ठाउँमा आएको पहिरो, बाढी, डुबानयता द्वन्द्व व्यवस्थापन, शान्ति प्रक्रिया, भूकम्प पीडितलाई राहत बन्दोबस्त र परामर्शको नाममा थुप्रै गैरसरकारी संस्थाहरूलाई रोजगारी मिलेको थियो । अमेरिकी सरकारको केन्द्रीय गुप्तचर संस्था सीआईए र यसका हाँगाहरूले अर्बौं डलर खर्च गरेर यस्तै गैरसरकारी संस्थाहरूमार्फत नेपाली युवाहरूलाई आफ्नो अनुकूल विद्रोह गराउने र अल्गोरिडममा चुनाव प्रचार गराउने समेत सिकाएको सार्वजनिक भयो । यसतर्फ पनि नेपाली जनता सचेत हुनु जरूरी छ ।

# "कानुन व्यवसायीहरू न्याय र जनअधिकार सुरक्षाका लागि कानुनी लडाइँ लड्ने बौद्धिक सिपाहीं हुनुपर्छ"




**सुनिल प्रजापति**

आजभन्दा ३८ वर्षअघिको घटना हो, भक्तपुर काण्ड । पञ्चायती सरकारबाट रचिएको भक्तपुर काण्ड नेपाल मजदुर किसान पार्टीका नेता, कार्यकर्ताहरूमा मात्रै होइन, धेरै नेपालीको मन मस्तिष्कमा अझै ताजै छ । त्यतिबेला निर्दलीय नाउँका पञ्चहरूको एकदलीय शासन थियो । जनतामा मौलिक र राजनीतिक अधिकार थिएन । पञ्चायती व्यवस्थाको विरोधमा आवाज उठाउनु अपराध मानिन्थ्यो । पञ्चहरूले जस्तोसुकै अपराध गर्दा पनि माफी पाउँथे ।

दल प्रतिबन्धित अवस्थामा पनि नेपाल मजदुर किसान पार्टीले पञ्चायती निर्वाचनमा भाग लिएर जनताको सेवा गर्ने नीति लियो । पञ्चायती व्यवस्थाको जनविरोधी क्रियाकलापहरूलाई उदाङ्ग्याउँदै जनतालाई राजनीतिकरूपले सचेत पार्ने कार्य गऱ्यो । धेरै पार्टीले निर्वाचन बहिष्कारको नाउँमा पञ्चहरूलाई निर्वाचन जित्न अप्रत्यक्ष रूपमा सहयोग गरे तर नेमकिपाले व्यक्तिगत रूपमा उम्मेदवारी उठाएर पञ्चहरूका जनविरोधी गतिविधिलाई उदाङ्ग्याउने काम गऱ्यो । जनताको सेवालाई अपराध ठान्ने पञ्चहरू नेमकिपाको नामदेखि तर्सन्थे । यही पृष्ठभूमिमा उनीहरूले भक्तपुर काण्डको षड्यन्त्र रचेका थिए ।

२०४५ साल भदौ ९ गते पञ्चहरूले षड्यन्त्र गरे । उत्तेजित भिडबाट कुटिएका पूर्वरापसको मृत्युलाई नेमकिपाले हत्या गऱ्यो भनी दोषारोपण गरी नेमकिपाका अध्यक्ष रोहितलगायत धेरै नेता कार्यकर्तालाई प्रहरीले सोही राती गिरफ्तार गऱ्यो । तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह, रापस अध्यक्ष नवराज सुवेदी तथा धेरै मन्त्री सम्मिलित जुलुसले अध्यक्ष रोहितलाई फाँसी दे नारा लगायो । राज्यका प्रमुख तीन अङ्गमध्ये कार्यपालिका र व्यवस्थापिका प्रमुखहरूले सुरूमै रोहितलाई अपराधी घोषित गर्दै फाँसीको माग गरे । विनाअनुसन्धान प्रमाणको कुनै खोजी नगरी रोहित र नेमकिपालाई हत्याको आरोप लगाइएबाट उक्त घटना राज्य रचित षड्यन्त्र थियो भन्ने प्रस्ट हुन्छ । आजको जस्तो सञ्चारको विकास नभएको अवस्थामा जनताबिच केही समय भ्रम फैलाउन भने पञ्चायती सरकार सफल भयो ।

भक्तपुर काण्डमा सुरूदेखि नै कानुन व्यवसायीहरूको साथ र सहयोग थियो । यसले कानुन व्यवसायीहरू लेनदेन, अंश, जालसाजीजस्ता पक्ष विपक्षको मुद्दा हेर्नेमात्र होइनन् सरकारले गरेको अत्याचारको विरोधमा लड्ने र प्रजातन्त्रको पक्षमा सङ्घर्ष गर्ने योद्धाहरू पनि हुन् भन्ने प्रमाणित गऱ्यो । भक्तपुरका जनतामाथि गरेको बर्बर दमनको विरोध कानुन व्यवसायीहरूको तर्फबाट नेतृत्वदायी भूमिका खेल्नुभएको थियो– वरिष्ठ अधिवक्ताहरू कृष्णप्रसाद भण्डारी र सिन्धुनाथ प्याकुरेलले ।

अध्यक्ष रोहितलगायत ६७ जनालाई ज्यान मुद्दा लगाइएकोमा धेरै जनालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १३(क) को माग गरिएको थियो । त्यो मृत्युदण्ड वा सर्वस्वसहित जन्मकैदको माग थियो । जन्मकैदको अर्थ त्यतिबेला ३३ वर्ष कैद थियो । २०४७ सालको संविधानले मृत्युदण्ड खारेज गर्नुका साथै जन्मकैदलाई २० वर्षमा सीमित गऱ्यो ।

पक्राउ परेकाहरूलाई प्रहरीले चरम यातना दियो । प्रहरीसमक्ष स्वेच्छाले बयान दिन पाउने, आफूले रोजेको कानुन व्यवसायी राख्न पाउने, पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउने जस्ता मौलिक हकका कुरा संविधानका पानामा सीमित थियो । निर्मम यातना दिएर तयारी कागजमा सहीछाप गराउनु नै प्रहरीको काम थियो ।

पार्टी नेतृत्व जेल, भूमिगत वा प्रवासमा रहेको त्यस जटिल अवस्थामा वरिष्ठ अधिवक्ता भण्डारी र प्याकुरेलहरूले निरन्तर सहयोग गर्नुभयो । त्यस जाली मुद्दाको सरजमिन शनिबार गरिएको थियो । उहाँहरूले सरजमिन स्थलमै उपस्थित भएर त्यसको विरोध गर्नुभयो र न्यायप्रेमी जनतालाई साथ र सहयोग गर्नुभयो ।

त्यतिबेला जनतामा राजनीतिक सचेतता आइसकेको थिएन । पुरूषहरू भूमिगत हुनुपर्ने अवस्थामा धेरैजसो गतिविधि महिलाबाट हुने गर्थ्यो । त्यस्तो कठिन अवस्थामा पीडित महिलाको तर्फबाट वरिष्ठ अधिवक्ता भण्डारीले उहाँकै घरमा पत्रकार सम्मेलन गर्नुभयो । अन्यायमा परेका जनतालाई उहाँले ऊर्जा दिनुभयो । त्यस्तो गुण हामी नेमकिपाका कार्यकर्ताहरूले कसरी बिर्सन सक्छौं र !

पत्रकार, वकिल, मानव अधिकारवादीहरूको सहभागितामा भएको पत्रकार सम्मेलनले देशव्यापी रूपमा सरकार उदाङ्गियो । पीडितहरूलाई सरकारसँग लड्ने साहस र ऊर्जा दियो । पार्टीकै कैयौं मान्छे डरले पञ्चायतसामु आत्मसमर्पण गरी धोका दिएको अवस्थामा कानुन व्यवसायीहरूले पीडितको पक्षमा निःशुल्क मुद्दा हेर्ने प्रतिबद्धता जाहेर गर्नु त्योभन्दा खुसीको कुरा के हुनसक्थ्यो र ? सङ्कटको बेला साथ दिनेहरू नै असल मित्र हुन्छ भनेझैं धेरै कानुन व्यवसायीहरूले अमूल्य योगदान गर्नुभयो ।

नेपाल बार एसोसिएसनको काठमाडौँमा सम्पन्न राष्ट्रिय सम्मेलनले पञ्चायती सरकारले षड्यन्त्र रचेर अध्यक्ष रोहितलगायत नेमकिपाका धेरै नेता–कार्यकर्ताहरूलाई जाली मुद्दा चलाएकोमा खेद व्यक्त गर्दै मुद्दा फिर्ता लिई सबै बन्दीहरूलाई रिहा गर्न मागसहित सर्वसम्मतिले प्रस्ताव पारित गऱ्यो । अदालतमा मुद्दा पेस गरिसकेपछि सयौं कानुन व्यवसायीहरूले भक्तपुर काण्डका पीडितहरूको पक्षमा बहस गर्न वकालतनामा पेस गर्नुभयो । को प्रगतिशील, को प्रजातन्त्रवादी पञ्चायतविरोधी खेमाका अधिकांश वकिलहरूले सहयोग गर्नुभयो । व्यक्तिहत्याको रूपमा चित्रण गर्न खोजिएको त्यो मुद्दा राजनीतिक मुद्दाको रूपमा स्थापित हुँदै गयो । त्यस्ता पीडादायी क्षणमा सहयोग गर्ने ती सबै कानुन व्यवसायीहरूप्रति हामी कृतज्ञ छौं ।

कानुन व्यवसायीहरूको निरन्तरको सहयोगले भक्तपुर काण्डबारे वास्तविकता बिस्तारै छर्लङ्ग हुँदै गयो । विभिन्न पत्रकार, मानव अधिकारवादीहरूले आ–आफ्नो क्षेत्रबाट सहयोग गर्नुभयो । विभिन्न गुटमा विभाजित राजनीतिक दलहरूबिच पनि सहकार्यहरू हुन थाले । पञ्चायती व्यवस्थाविरोधी संयुक्त मञ्चहरू बन्न थालियो ।

बहुदल पक्षधरहरूले नेमकिपाका नेता–कार्यकर्ताहरू फसाइएकोमा विरोध गर्न थाले । त्यो क्रम बढ्दै गएपछि २०४६ सालको जनआन्दोलनको वातावरण तयार भयो । नेका र वामपन्थी दलहरूबिच त्यसअघि कहिल्यै संयुक्त आन्दोलन हुन सकेको थिएन । तर, जनआन्दोलनअघि गठित वाममोर्चामा नेमकिपा पनि सदस्य रहयो । अध्यक्ष रोहित जेलमै भए पनि उहाँ वाममोर्चाको सदस्य रहनुभयो ।

नेमकिपालाई समाप्त पार्न खोज्ने पञ्चायती व्यवस्था आफै समाप्त भयो । निरङ्कुश राजतन्त्रको अन्त्य भई देशमा बहुदलीय व्यवस्था स्थापना भयो । देशमा बहुदलीय व्यवस्था स्थापनाका विभिन्न कारणमध्ये भक्तपुर काण्ड पनि एक हुन पुग्यो । पञ्चायती व्यवस्था अन्त्यको लागि त्यस काण्डमा खुलेर साथ दिने कानुन व्यवसायी, मानव अधिकारवादी, पत्रकार र बुद्धिजीवीहरूको पनि महत्त्वपूर्ण भूमिका रहयो ।

कानुन व्यवसायीलगायत देशका विभिन्न तह र तप्काका जनताको साथ र सहयोगले भक्तपुर काण्ड राजनीतिक घटना थियो भन्ने प्रमाणित भयो । त्यसमा बढी कानुन व्यवसायीहरूको अमूल्य योगदान छ । वरिष्ठ अधिवक्ताहरू कृष्णप्रसाद भण्डारी, सिन्धुनाथ प्याकुरेल, सुवास नेवाङ, बासुदेव ढुङ्गानालगायत धेरै कानुन व्यवसायीको महत्त्वपूर्ण योगदान छ । उहाँहरूको योगदानलाई नेमकिपाका नेता कार्यकर्ताहरूले सधैं सम्झिरहनेछन् ।

त्यतिबेला प्रचलित संविधान र कानुनभित्र रहेर सत्य र तथ्यको आधारमा न्यायको पक्षमा लड्ने, राज्यको षड्यन्त्रलाई उदाङ्ग्याउने कार्यमा जुन निर्भिकता अग्रज कानुन व्यवसायीहरूले देखाउनुभयो, त्यसबाट आजका कानुन व्यवसायीहरूले शिक्षा लिएर अगाडि बढ्नुपर्छ । कानुन व्यवसायी भनेको पक्ष र विपक्षमा बहस गर्ने व्यवसायीमात्रै होइनन् देश र जनताको लागि आवश्यक परेमा आफ्नो विज्ञताको आधारमा जनअधिकार सुरक्षाका लागि कानुनी लडाइँ लड्ने बौद्धिक सिपाहीं पनि हुन् भने समर्पित भावना आजका वकिलहरूमा पनि हुनु आवश्यक छ ।

पुँजीवादी राज्य सत्तामा षड्यन्त्र, जालझेल र छलछाममा घटनाहरू भइरहन्छन् । २०४६ सालको आन्दोलनले नेपालमा बहुदलीय व्यवस्था स्थापना गऱ्यो । २०६२/६३ को संयुक्त आन्दोलनबाट देशमा २४० वर्षको राजतन्त्र समाप्त गरी गणतन्त्र स्थापना भयो । त्यस अवधिमा शासक दलहरूबिच सत्ताको निम्ति अनैतिक गठबन्धन र सबै क्षेत्रमा हुने नियुक्तिमा भागबन्डाहरूले सरकारहरू बदनाम भए । ती दलहरूले दलीय र व्यक्तिगत स्वार्थका लागि एकले अर्को दललाई सत्ताबाट खसाल्न अनेकौं जालझेल र षड्यन्त्रहरू गरे । २०८२ भदौ २३ र २४ गतेको घटना ती पार्टीहरूको अकर्मण्यताको परिणाम हो ।

भदौ २३ र २४ गतेको प्रदर्शनले नेका र एमालेको दुईतिहाइ सरकारलाई शासनबाट विस्थापितमात्र गरेन फागुन २१ को निर्वाचनबाट बालेन शाह नेतृत्वको सरकार गठन गर्ने अवस्थासम्म पुऱ्यायो । अमेरिकी युथ काउन्सिल, बारबरा फाउन्डेसन, समता फाउन्डेसन, हामी नेपाली संस्थाजस्ता एनजीओ र आईएनजीओका सञ्चालकहरूको सरकार बनाउने अवस्था आउनुमा ती शासक पार्टीहरू नै जिम्मेवार छन् ।

हालै अमेरिकी सञ्चार माध्यम द ग्रेजोनले अहिले अमेरिकाको गोप्य दस्तावेज भनी सार्वजनिक गऱ्यो । त्यसमा विशेष गरी प्रजातन्त्रको लागि राष्ट्रिय सहयोग (NED), अन्तर्राष्ट्रिय रिपब्लिकन संस्था (IRI) र अमेरिकी हितमा काम गर्ने अर्को एक संस्था CEPPS नाउँका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको नाम उल्लेख छ ।

ती संस्थाहरूले नीति संवाद नाउँको गैरसरकारी संस्थामार्फत नेपालका युवाहरूलाई सन् २०२२ देखि तालिम दिँदै नेपालका राजनीतिक दलहरूप्रति घृणा उत्पन्न गरी सरकारविरूद्ध लडन उक्साइएको उल्लेख छ । धेरै युवाहरूमध्ये रवि लामिछाने, बालेन्द्र साह, सुधन गुरूङ र सागर ढकाल उनीहरूले अगाडि सारेका पात्रहरू हुन् भनेर किटान गरेको पाइएको छ ।

भदौ २३ र २४ गतेको युवाहरूको प्रदर्शनीमा ती संस्थाहरूको मुख्य भूमिका रहेको प्रस्ट्याइएको छ । नेपालमा गोप्य रूपमा अमेरिकी पैसाबाट चल्ने थुप्रै सङ्घ संस्थाहरू सक्रिय रहेको क्रमशः खुल्दै छन् र खुल्दै जानेछन् । अमेरिका आफूभन्दा कमजोर देशमाथि आक्रमण गरी त्यहाँको प्राकृतिक स्रोतमाथि कब्जा गरेर लुटेर धनी भएको एक आतङ्ककारी देश हो । आज नेपालको राजनीति पनि उनीहरूबाट निर्देशित व्यक्तिहरूको हातमा पुगेको छ । कतिबेला के हुन्छ ? अनिश्चित छ । जनता मार्नु, ध्वंस गर्नु उसको निम्ति सामान्य कुरा हो । समयमा जनताले बुझ्न सकेनन् भने नेपाली जनताले धेरै दुःख पाउने दिन नजिकिँदै छ ।

यस्तो बेला कम्युनिस्ट पार्टीहरूलाई दबाउन कुनै पनि बेला नयाँ नयाँ षड्यन्त्रहरू हुन सक्छन् । सधैं कानुन व्यवसायीहरू र नेपाली जनता सचेत रहन जरूरी छ ।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कानुन अध्ययन समाज नेपालको आयोजनामा भदौ २८ गते सम्पन्न 'भक्तपुर काण्ड र कानुन व्यवसायीको भूमिका तथा कानुन व्यवसायी सम्मान' कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# के नेपाल आफ्नै खुट्टामा उभिन सक्छ ?

✍ नारायणमान बिजुक्छें

आत्मनिर्भरता हाम्रो देशको स्वस्थ अर्थतन्त्रको मूल जरो हो । नेपाली जनताको पाखुरा र बुद्धिमा विश्वास गर्ने हो भने, इतिहासबाट शिक्षा लिन नहिच्किचाउने हो भने हामी अरूको मुख ताकेर अर्काको झिनो दयामा बाँच्नुपर्ने छैन । हामी आफ्नो खुट्टामा उभिन सक्छौं । त्यसको निम्ति एउटै कुरा जरुरी छ त्यो हो, अभाव, सङ्कट र कठिनाइसँग भिड्ने राष्ट्रिय साहस, साम्राज्यवाद र उपनिवेशवादको विरोधमा लड्ने सङ्कल्प र देशलाई आफ्नै खुट्टामा उभ्याउनका निमित्त चाहिने मेहनत, उत्साह अनि त्यागको भावना ।

भारत बेलायती साम्राज्यवादको जुत्तामुनि दब्नुभन्दा पहिले र सुगौली सन्धिभन्दा अघि नेपाल आफ्नै खुट्टामा उभिएको थियो । त्यसबेलाको दाँजोमा आजको नेपालले भौतिकरूपले अवश्य पनि धेरै प्रगति गरिसकेको छ । नेपालको जनसङ्ख्या बढेको छ । उत्पादन र बौद्धिक काममा पनि धेरै प्रगति गरेको छ । विदेशी आक्रमण र उपनिवेशवादको विरोधमा लड्ने हरेक देशले पछि पूर्ण आत्मनिर्भरता र प्रगति हासिल गरेका थुप्रै उदाहरण पाइन्छन् । चीन, कोरिया र भियतनामका लालइलाकाहरू नुनको निम्ति सङ्घर्ष गर्थे; झारपातको खरानीबाट नुनको काम लिन्थे । तर, नेपालमा नुनको खानी भेटिएको छ । क्युवा दसौँ वर्ष एक्लियो; दशकौं नाकाबन्दीमा पऱ्यो । उसको जनसङ्ख्या हाम्रोभन्दा पनि कम छ । प्रगतिमा हामीभन्दा अगाडि छ । अल्बानिया आकार र जनसङ्ख्यामा हामीभन्दा सानो छ । तर, आर्थिक प्रगति र आत्मनिर्भर अर्थतन्त्रमा ऊ हामीभन्दा अगाडि छ । अमेरिकी स्वतन्त्रता आन्दोलनको बेला बेलायतले अमेरिकामाथि आर्थिक नाकाबन्दी लगायो । अमेरिकाले बेलायती सामान बहिष्कार गरेर खादीको लुगा लगाई आत्मनिर्भर सिद्धान्तको उदाहरण प्रस्तुत गऱ्यो । जापानविरोधी चीनको दीर्घकालीन लडाइँमा चिनियाँ जनताले जापानी मालसामान लुटेर आगो लगाइदिन्थे र ती सामानको प्रयोग बन्द गरेर स्वदेशी सामान उपभोग गर्थे । भारतीय जनताले समेत बेलायती सामान बहिष्कार गरी चर्खा चलाए । भारतको दाँजोमा नेपालको खाँचो साह्रै सानो भएकोले हामी त्यो बहिष्कार नीतिलाई अझ राम्रोसँग लागू गर्न सक्छौं । भारतभन्दा नेपाल कम आधुनिक छ । नेपालभन्दा भारत अरू देशमा बढी निर्भर छ । नेपालको अत्यन्त ठूलो इलाका अझ पनि वन्य, गाउँले र सामन्ती अवस्थामा छन् । १०-२० लाख जनतामात्रै नयाँ ढङ्गले अरूको भरमा जीवन बिताउँछन् तर यही रोग भारतको जस्तो चर्को भने छैन । यसकारण, नेपाल कम कष्ट सहेरै आत्मनिर्भरताको बाटोमा अगाडि बढ्न सक्छ ।

कसैले प्रश्न गर्ला, 'के नेपालसँग नुन छ ?' हाम्रो उत्तर हुन्छ, 'छ' । हामीले पहिले भारतबाट नुन लिने गरेका थिएनौँ । समुद्रको नुनभन्दा खानीको नुन असल र शुद्ध हुन्छ । नेपालमा पनि नुनको खानी छ । नुन चामलजस्तो धेरै मात्रामा चाहिने वस्तु होइन ।

अरूले अर्कै प्रश्न गर्लान्, "के नेपालसँग कपास र लुगा छ ?" हामी जवाफ दिन्छौं, "हामीकहाँ कपासलाई चाहिने माटो र हावापानी छ । हाम्रा पुर्खाले कपासको खेती गरेका थिए । त्यो हामी पनि गर्न सक्छौं । हामीसँग कटुवा, चर्खा र तान छ । भेडाबाखा र ऊन छ । लौ, कपास छोडौं, जुट त छ । जुटको मसिनो लुगा विदेशी मलमल र नैनसुतभन्दा बलियो अनि सस्तो हुन्छ । आज ढुङ्गाले कपडा बनाउने युग हो । रासायनिक वस्तुले कपडा बनाउने युग हो । हाम्रा उत्तरी अञ्चलहरू अझै पनि सक्षम र आत्मनिर्भर छन् ।"

विदेशीले भन्लान्, "नेपालसँग कागजको कारखाना छैन । विदेशीले कागज दिन बन्द गरे भने स्कूल, कलेज, अड्डा-अदालत, पढाइ लेखाइ बन्द हुनेछन् । छोटकरीमा भन्नुपर्दा केही समयलाई बुद्धिको काम रोकिनेछ । नेपाल फेरि ढुङ्गेयुगमा फर्किनेछ ।"

हामी भन्छौं, "महाशय माफ गर्नुस्, पुरानो नेपाली कागज विदेशी कागजभन्दा बलियो थियो । कागज उद्योगमा नेपालले प्रगति गर्नेछ । जङ्गली काठपातबाट नेपालले धेरै किताबकापी बनाउनेछ ।"

"के नेपालसँग जुत्ता कारखाना छ त ?" तिनीहरूले निराशाजनक स्वरमा सोध्नेछन् । हामी सगर्व उत्तर दिनेछौं, "छ ! नेपालमा मित्र देश चीनले दिएको छाला र जुत्ता कारखाना छ । त्यतिमात्र होइन, उहिले पलाञ्चोके जुत्ताबाट काम लिइन्थ्यो । नेपालमा हजारौं-लाखौं सार्कीका खप्पिस हात छन् । नेपाली छालाले भारतको कारखाना चल्छ ।"

विरोधीहरूले होच्याएर भन्लान्, "नेपाल उपचारमा विदेशीको भरमा छ ।" हामी भन्छौं, "नेपाल जडीबुटीको देश हो । नेपालले जडीबुटी रोकिदियो भने एक बोरा जडीबुटी लिएर औषधिको सानो सिसी दिन पल्केका कारखानाले सोच्नुपर्ला । फेरि नेपाल स्वस्थ र सुन्दर देश हो । राम्रो हावापानी भएको देश हो । सफाइमा ध्यान दिएको खण्डमा विदेशी औषधिको भर पर्नुपर्दैन । त्यसो त हामीसँग पनि औषधि बनाउने विशेषज्ञ र वैद्यहरू तयार छन् ।"

विदेशीले हामीलाई सामान रोकेर आत्मनिर्भर बन्न बाध्य पार्छ भने त्यो राम्रो कुरा हो । आवश्यकता आविष्कारकी जननी हुन् । हामी झन् जोसिएर आफ्नो देश र जनतालाई माया गर्न थाल्नेछौं । लडाइँ सम्झेर हामी नै जिउ-ज्यान दिएर बुद्धि लगाउनेछौँ र एक भएर आत्मनिर्भरताको निम्ति मेहनत गर्न थाल्नेछौं ।

कसैले शक्तिको धम्की देखाउँछ भने हाम्रो उत्तर हाजीर छ, "महाशय, संसारको पहिलो पुँजीवादी देश बेलायतले नेपालको मारलाई बिर्सेको छैन होला ! आज नेपाली जनताले सामन्तवाद र साम्राज्यवादको तितोपिरोबाट धेरै सिकिसकेका छन् । अगाडि बढेको बेलायतलाई पिछडिएको संरा अमेरिकाले झुकायो । संसारको सबभन्दा ठूलो 'मै हुँ' भन्ने अमेरिकी साम्राज्यवाद केही करोड हिन्द-चिनी जनताबाट मार खाएर फर्कियो । प्रजग कोरिया र क्युवा टिकेकै छन् । हतियार र सङ्ख्यामात्रै सबै कुरा होइन । २५-३० लाख प्यालेस्टिनी जनताले सारा साम्राज्यवादी देश र अगाडि बढेको सैनिक हातहतियारलाई हाँक दिँदै छन् । नेपाल सानो छ (जित्न विकट ठाउँ छ । जनता साढे १ करोड मात्रै छन् तर जिउँदा छन् ।); कठिनाइ र गाऱ्होफाऱ्हो त नेपालीको जीवन नै हो । फेरि विभिन्न लडाइँ र विदेशी पल्टनको शिक्षा पनि नेपालीहरूसँग बाँकी नै छ ।

नेपालभन्दा साना र कम इलाका भएका अफ्रिकी देशहरूसमेत स्वतन्त्र हुँदै गइरहेको समयमा के नेपालले अरूको दासतामा बाँच्न स्वीकार गर्ला ? थिचोमिचो र उपनिवेश बनाउने आक्रमण र आक्रामक देश आखिरमा सानो र निर्बलियो देशको अगाडि झुक्दै जानुपरेको उदाहरण आज विश्व इतिहासले दिँदै छ । युगलाई हेर्न नसक्ने अति महत्त्वाकाङ्क्षा लिएका केही बडाराष्ट्र अहङ्कारवादीहरू अरू साम्राज्यवादीहरूजस्तै साँघुरो ठाउँमा गएर जाक्किनुपर्नेछ ।

इतिहासबाट शिक्षा लिन नचाहनेहरूलाई पनि हामीले इतिहासमा देखेका छौँ । हिटलर, मुसोलिनी, टोजोजस्ता मानिस संसारमा आज पनि जीवित छन् । यसकारण, सम्भावित सङ्कट र विपत्ति, आणविक युद्ध र महाशक्तिहरूको हानथापलाई समेत ध्यान दिएर हामीले छिट्टै आत्मनिर्भरताको बाटोमा हिँड्न सुरु गर्नुपर्छ ।

**टिपोटहरू :**

१) संरा अमेरिका र नेटो सेनाको कारण सन् १९९०-१९९१ मा अल्बानियामा पनि पुँजीवादको पुन:स्थापना भयो । निजीकरण, उदार अर्थतन्त्रको कारण त्यहाँको समाजवादी अर्थतन्त्र सबै ध्वस्त गरियो । आज त्यो देश जातीय र भाषिक झै-झगडा एवम् युद्धले ध्वस्त भइरहेको छ ।

२) चीन सरकारको सहयोगमा भृकुटी कागज कारखाना स्थापना भएको थियो; जहाँ गुणस्तरीय कागज उत्पादन हुन्थ्यो तर नेकाको सरकारले त्यसलाई 'कौडीको मूल्यमा' निजीकरण गरी विदेशी पुँजीको हातमा सुम्पियो । आज सस्तो र राम्रो कागज देशबाहिर गयो अनि महँगो र कमसल कागज देशमा भित्रिँदै छ ।

३) बाँसबारी छाला जुत्ता कारखाना नेका सरकारले निजीकरण गरिसकेको छ ।

४) क्यान्सर, मुटुको रोग, रक्तचापलगायत थुप्रै रोगहरूको औषधि एवम् तागतवर्धक सामग्री बनाउन सकिने जडीबुटी नेपालमा पाइन्छ । नेपाली जडीबुटीबाट एड्सजस्ता प्राणघातक रोगको उपचार हुने दाबी गरिएको छ; यौन शक्तिवर्द्धक जडीबुटी पनि नेपालमा पाइएको छ ।

५) सन् २०२२ को गणनाअनुसार प्यालेस्टिनी जनसङ्ख्या साढे ५ लाख छ ।

६) २०४८ सालको जनगणनाअनुसार जनसङ्ख्या करिब १,८५,००,००० थियो भने २०७८ सालको जनगणना अनुसार २,९१,६४,५७८ छ ।

७) नेपाली सेना र प्रहरी संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा संसारका विभिन्न क्षेत्रमा भाग लिँदै छन् । त्यसका साथै, हाइटीमा नेपाली सेना पठाएपछि नेपालको सैनिक सम्बन्ध बेलायत र भारतसँग मात्रै होइन संरा अमेरिकासँग समेत जोडियो ।

८) सोभियत सङ्घको विखण्डन र पूर्वी युरोपमा समाजवादको पतनपछि विश्व एकध्रुवीय भएको छ तर महाशक्ति संरा अमेरिकाले पनि चुनौतीहरू सामना गर्दै छ ।

***स्रोत : आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास***



*नेपालमा जडिबुटी खेती*



*नेपालको मुस्ताङमा रहेको नुन खानी*

### शासक दलका सरकारले निजीकरण गरी खारेज गरेका उद्योगहरू

| उद्योग वा संस्थाको नाम | बिक्री गरेको मिति |
|---|---|
| नेपाल जुट विकास तथा व्यापार कम्पनी | २०५० फागुन १२ |
| सुर्ती विकास कम्पनी | २०५० फागुन १२ |
| कृषि आयोजना सेवा केन्द्र | सन् २००१ |
| नेपाल यातायात संस्थान | २०५९ मङ्सिर ३ |
| घरेलु शिल्पकला बिक्री भण्डार | २०५९ माघ १७ |
| नेपाल कोल लिमिटेड | २०५९ पुस १० |
| वीरगञ्ज चिनी कारखाना लि. | २०५९ माघ १६ |
| हेटौँडा कपडा उद्योग | २०६० पुस ३ |
| नेपाल सिलिङ्ग कम्पनी | सन् २००६ |
| हिमाल सिमेन्ट उद्योग लिमिटेड | २०६३ माघ १४ |
| कृषि चुन उद्योग लि. | २०६४ पुस १५ |

(स्रोत : सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१ । अर्थ मन्त्रालय, नेपाल सरकार)

### शासक दलका सरकारले निजीकरण गरेका सार्वजनिक उद्योगहरू

| उद्योग वा संस्थाको नाम | बिक्री गरेको मिति | निजीकरणको तरिका |
|---|---|---|
| भृकुटी कागज उद्योग | २०४९ कात्तिक ५ | व्य/सबि २२,९८,००,००० |
| हरिसिद्धी ईँटा टायल कारखाना | २०४९ कात्तिक १४ | व्य/सबि २२,८८,००,००० |
| बाँसबारी छाला जुत्ता कारखाना | २०४९ कात्तिक २४ | व्य/सबि २,२४,००,००० |
| चलचित्र विकास कम्पनी लिमिटेड | २०५० कात्तिक २६ | सेबि ६,१०,००,००० |
| बालाजु कपडा उद्योग | २०५० मङ्सिर १७ | सेबि १,७७,१६,००० |
| काँचो छाला सङ्कलन तथा बिक्री केन्द्र | २०५० मङ्सिर २८ | सेबि ३९,९०,००० |
| नेपाल बिटुमिन तथा ब्यारेल उद्योग | २०५१ असार ७ | सेबि १,७९,०८,००० |
| नेपाल ल्यूव आयल | २०५१ जेठ २२ | सेबि |
| नेपाल ढलौट उद्योग लि. | २०५२ चैत १२ | सेबि |
| रघुपति जुट मिल्स | २०५३ साउन ३० | सेबि ८,२२,०४,००० |
| विराटनगर जुट मिल्स | २०५३ पुस ४ | व्यवस्थापन करार |
| नेपाल चिया विकास निगमख | २०५७ असार १४ | सेबि २६,७१,०५,००० |
| बुटवल पावर कम्पनी | २०५९ पुस १९ | सेबि |
| कृषि औजार कारखाना लि. | २०५९ चैत ४ | व्यवस्थापन करार |
| भक्तपुर ईँटा टायल कारखाना लि. | २०६० पुस २२ | सबि/भाडा २,०३,००,००० |
| लुम्बिनी चिनी कारखाना | २०६२ पुस २४ | सबि/भाडा |
| नेपाल रोजिन एन्ड टर्पेन्टाइन लि. | २०६३ वैशाख २९ | सबि/भाडा |
| नेपाल बैङ्क लिमिटेड | २०६३ असोज २१ | सेबि १२,५१,४७,००० |
| नेपाल दूरसञ्चार कम्पनी लि. | २०६४ पुस ६ | सेबि |

व्य : व्यवसाय । सबि : सम्पत्ति बिक्री । सेबि : सेयर बिक्री । मूल्य रुपियाँमा ।

(स्रोत : सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१ । अर्थ मन्त्रालय, नेपाल सरकार)

# समुद्रबाट चीनको 'ग्राभिटी–१' रकेट प्रक्षेपण, नौ उपग्रह अन्तरिक्षमा



साङ्घाई, ३१ भदौ (सिन्ह्वा)। चीनले बुधबार समुद्रबाट आफ्नो 'ग्राभिटी-१' वाई३ वाहक रकेट सफलतापूर्वक प्रक्षेपण गर्दै नौवटा उपग्रहलाई निर्धारित अन्तरिक्ष कक्षमा पठाएको छ। चीनको पूर्वी तटीय सहर साङ्घाईनजिकैको समुद्री क्षेत्रबाट गरिएको यो प्रक्षेपण व्यावसायिक अन्तरिक्ष अभियानका दृष्टिले महत्त्वपूर्ण मानिएको छ ।

चीनको ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रले सञ्चालन गरेको उक्त अभियान स्थानीय समयअनुसार बिहान ६ बजे भएको थियो । ग्राभिटी-१ वाई३ रकेटमा छ्यानफान उपग्रह तारामण्डलका नयाँ उपग्रहहरू तथा एउटा ईयूएचटी प्रविधि परीक्षण उपग्रह राखिएको थियो ।

प्रक्षेपणपछि सबै नौवटा उपग्रहलाई निर्धारित कक्षमा सफलतापूर्वक पुऱ्याइएको र अभियान पूर्ण रूपमा सफल भएको घोषणा गरिएको छ ।

**समुद्री प्रक्षेपणमा नयाँ कीर्तिमान**

रकेट निर्माण तथा विकास गर्ने चिनियाँ व्यावसायिक अन्तरिक्ष कम्पनी ओरियनस्पेसका अनुसार, यस अभियानले चीनको एकल समुद्री प्रक्षेपणसम्बन्धी दुईवटा नयाँ कीर्तिमान कायम गरेको छ ।

पहिलो, यसपटक रकेटले तीन टनभन्दा बढी शुद्ध पेलोड बोकेको थियो । दोस्रो, उपग्रहहरूलाई करिब ८०० किलोमिटर उचाइको कक्षमा प्रवेश गराइएको थियो ।

यसअघि भएका समुद्री प्रक्षेपणको तुलनामा बढी तौलका उपग्रह र बढी उचाइको कक्षमा पेलोड पुऱ्याउन सक्नुले चीनको समुद्री प्रक्षेपण प्रणालीले मध्यम तथा ठुलो आकारका उपग्रह बोकेर अन्तरिक्षमा पठाउन सक्ने क्षमता थप बलियो भएको देखाएको कम्पनीको भनाइ छ ।

**ग्राभिटी-१ को चौथो सफल समुद्री प्रक्षेपण**

ग्राभिटी-१ रकेटले हालसम्म चारवटा समुद्री प्रक्षेपण पूरा गरिसकेको छ । कम्पनीका अनुसार यी सबै प्रक्षेपण सफल भएका छन् ।

बुधबारको अभियान भने विशेष रूपमा महत्त्वपूर्ण रहेको छ, किनभने यो ठुलो निम्न पृथ्वी कक्षीय उपग्रह इन्टरनेट तारामण्डलको सञ्जाल विस्तारका लागि ग्राभिटी-१ प्रयोग गरिएको पहिलो अभियान हो ।

निम्न पृथ्वी कक्षा भन्नाले पृथ्वीको सतहबाट तुलनात्मक रूपमा कम उचाइमा रहेको अन्तरिक्ष क्षेत्रलाई जनाउँछ । यस्तो कक्षमा रहेका धेरै उपग्रहलाई एउटै सञ्जालमा जोडेर तीव्र सञ्चार तथा इन्टरनेट सेवा उपलब्ध गराउने उद्देश्यले विभिन्न देश र कम्पनीहरूले ठुला उपग्रह तारामण्डल निर्माण गरिरहेका छन् ।

**'छ्यानफान' उपग्रह तारामण्डलको विस्तार**

यस अभियानमा पठाइएका अधिकांश उपग्रह 'छ्यानफान' उपग्रह तारामण्डलसँग सम्बन्धित छन् । यस्तो तारामण्डलमा ठुलो संख्यामा उपग्रहहरूलाई पृथ्वीको निम्न कक्षमा राखेर एकअर्कासँग समन्वय गराइन्छ ।

उपग्रहहरूको संख्या क्रमश: बढाउँदै लैजाँदा पृथ्वीका विभिन्न क्षेत्रमा सञ्चार तथा इन्टरनेट सेवा उपलब्ध गराउने क्षमता विस्तार गर्न सकिन्छ । बुधबारको प्रक्षेपणलाई यही उद्देश्यअन्तर्गतको अर्को चरणका रूपमा हेरिएको छ ।

**साङ्घाईमै निर्माण र साङ्घाईनजिकैबाट प्रक्षेपण**

यस अभियानको अर्को विशेषता उपग्रह निर्माण र प्रक्षेपणबिचको भौगोलिक समन्वय हो । ओरियनस्पेसका अनुसार, यसपटक प्रक्षेपण गरिएका उपग्रहहरू साङ्घाईमै निर्माण गरिएका थिए । निर्माणपछि तिनलाई साङ्घाईनजिकैको समुद्री क्षेत्रमा लगेर त्यही क्षेत्रबाट अन्तरिक्षमा पठाइएको थियो । कम्पनीले यस्तो स्थल-समुद्र समन्वयले व्यावसायिक अन्तरिक्ष उद्योगको समग्र कार्यक्षमता बढाउन सक्ने जनाएको छ । उपग्रह निर्माणस्थल र प्रक्षेपणस्थलबिचको दूरी तथा ढुवानीसम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्न सकिएमा समय र सञ्चालन लागत घटाउन सहयोग पुग्न सक्छ ।

**चीनको व्यावसायिक अन्तरिक्ष क्षेत्रमा बढ्दो गतिविधि**

पछिल्ला वर्षहरूमा चीनले सरकारी अन्तरिक्ष कार्यक्रमसँगै व्यावसायिक अन्तरिक्ष क्षेत्रलाई पनि विस्तार गर्दै आएको छ । निजी तथा व्यावसायिक कम्पनीहरूले रकेट निर्माण, उपग्रह विकास, प्रक्षेपण सेवा र उपग्रह सञ्जाल निर्माणजस्ता क्षेत्रमा सक्रियता बढाएका छन् ।

समुद्रबाट रकेट प्रक्षेपण गर्ने प्रविधिले पनि यस क्षेत्रमा थप विकल्प प्रदान गर्छ । समुद्री प्रक्षेपणस्थल प्रयोग गर्दा केही अवस्थामा प्रक्षेपण मार्ग र सुरक्षा व्यवस्थापनमा थप लचकता प्राप्त गर्न सकिन्छ ।

बुधबारको सफल अभियानले ग्राभिटी-१ रकेटको समुद्री प्रक्षेपण क्षमता, ठुलो पेलोड बोक्ने क्षमता तथा उपग्रह तारामण्डल निर्माणका लागि यसको प्रयोगसम्बन्धी अनुभव थप विस्तार गरेको छ ।

यसरी साङ्घाईमै उपग्रह निर्माण गरी साङ्घाईनजिकैको समुद्री क्षेत्रबाट प्रक्षेपण गरिएको यो अभियान चीनको व्यावसायिक अन्तरिक्ष उद्योगमा उत्पादनदेखि प्रक्षेपणसम्मको एकीकृत प्रणाली विकास गर्ने प्रयासको उदाहरणका रूपमा देखिएको छ ।

# इरान नाकाबन्दीमा १०३ व्यापारिक जहाजको मार्ग परिवर्तन

फ्लोरिडा, ३१ भदौ (एएनआई)। इरानविरुद्धको नाकाबन्दीअन्तर्गत हर्मुज जलघाँटीमा व्यापारिक गतिविधिमाथि लगाइएको प्रतिबन्ध कार्यान्वयन गराउन अमेरिकी सेनाले सेप्टेम्बर १५ सम्म १०३ वटा व्यापारिक जहाजको मार्ग परिवर्तन गराएको अमेरिकी सेन्ट्रल कमान्ड ( सेन्टकम) ले जनाएको छ ।

सेन्टकमका अनुसार नाकाबन्दीको पालना सुनिश्चित गर्न ती जहाजलाई हर्मुज जलघाँटीबाट अन्य मार्गतर्फ पठाइएको हो । सेन्टकमले अरब सँगरमा अमेरिकी नौसेनाको 'युएसएस राफेल पेराल्टा' बाट उडान गरिरहेको एमएच-६० सी हक हेलिकप्टरको भिडियोसमेत सार्वजनिक गरेको छ ।

इरानसँगको युद्धले अमेरिकी रक्षा खर्चमा समेत ठुलो दबाब पारेको छ । अमेरिकी कङ्ग्रेसअन्तर्गतको स्वतन्त्र निकाय कङ्ग्रेसनल बजेट अफिस (सीबीओ) का अनुसार सन् २०२६ अगस्ट १ सम्म इरानविरुद्धको सैन्य कारबाहीमा अमेरिकी रक्षा विभागले करिब ३८ अर्ब अमेरिकी डलर खर्च गरेको छ । युद्धको तीव्रता जुलाईकै स्तरमा कायम रहे मासिक खर्च करिब तीन अर्ब डलर पुग्न सक्ने सीबीओले जनाएको छ ।

यसैबिच, अमेरिका, इजरायल र सात अरब राष्ट्रका उच्चपदस्थ सैन्य अधिकारीहरूले गत साता जर्मनीमा इरान युद्ध र मध्यपूर्वको सुरक्षा अवस्थाबारे गोप्य बैठक गरेका थिए । अमेरिकी सेन्ट्रल कमान्डका प्रमुख एडमिरल ब्राड कुपरको आयोजनामा भएको बैठकमा उहाँले मध्यपूर्वबाट अमेरिकी सेना फिर्ता गर्ने योजना नरहेको र हर्मुज जलघाँटी हुँदै समुद्री यातायात बढाउने अमेरिकी रणनीतिबारे जानकारी गराउनुभएको एक्सियोसले जनाएको छ ।

इजरायली रक्षा बलका प्रमुख जनरल इयाल जमिरले पनि विभिन्न मोर्चामा जारी सैन्य कारबाहीबारे जानकारी दिनुभएको थियो ।

यता, इरानका विदेशमन्त्री सैय्यद अब्बास अराघचीले बुधबार चीन भ्रमण गरी चिनियाँ विदेशमन्त्री वाङ यीसँग वार्ता गर्नुभएको छ । चिनियाँ विदेश मन्त्रालयले उहाँको भ्रमण पुष्टि गरेको छ ।

# साउदी विमान खसालेको हुथीको दाबी

साना, ३१ भदौ (एएफपी) । यमनका हुथी विद्रोहीले साउदी अरबको एफ-१५ लडाकू विमान स्थानीय रूपमा निर्मित क्षेप्यास्त्र प्रयोग गरी खसालेको दाबी गरेका छन् । हुथीका सैन्य प्रवक्ता याह्या सारीले बुधबार मारिब प्रान्तको हवाई क्षेत्रमा सैन्य कारबाहीका क्रममा विमान खसालिएको बताउनुभयो ।

प्रवक्ता सारीले सामाजिक सञ्जालमार्फत यमनी सशस्त्र बलले विमान खसाल्न सफल भएको दाबी गर्दै साउदी अरबले यमनमाथि ४५० वटा आक्रमण गरेको आरोप लगाउनुभयो । उहाँले हुथीका कारबाही साउदीका तेल केन्द्र र सैन्य आधारमा केन्द्रित रहेको तथा मक्कालगायत पवित्र स्थललाई लक्षित नगरिएको स्पष्ट पार्नुभयो ।

यमनमा जुलाईदेखि हुथी र साउदी समर्थित सरकारी फौजबिच पुन: लडाइँ चर्किएको छ । हुथीले साउदीविरुद्ध समुद्री नाकाबन्दी घोषणा गर्दै लाल सागरमा साउदी जहाजलाई लक्षित गर्ने चेतावनी दिएको छ । उसले यमनको लाल सागर तट र बाब अल-मन्दब जलघाँटीमा आफ्नो नियन्त्रण रहेको दाबीसमेत गरेको छ ।

साउदी पक्षले हुथीको लडाकू विमान खसालेको दाबीबारे तत्काल कुनै प्रतिक्रिया जनाएको छैन ।

# डुटेर्टे हेग अदालतमा उपस्थित हुँदै

द हेग (नेदरल्यान्ड्स), ३१ भदौ ( एपी) । मानवताविरुद्धको अपराधको आरोपमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) को हिरासतमा रहनुभएका फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो डुटेर्टे एक वर्षभन्दा बढी समयपछि बुधबार पहिलोपटक अदालतमा सार्वजनिक रूपमा उपस्थित हुँदै हुनुहुन्छ । ८१ वर्षीय डुटेर्टेविरुद्धको मुद्दाको पूर्वसुनुवाइमा प्रमाण प्रकटीकरण र आगामी नोभेम्बरमा सुरु हुने मुख्य सुनुवाइको समयतालिकाबारे छलफल हुनेछ ।

आइसिसीका न्यायाधीशहरूले गत जनवरीमा चिकित्सा विज्ञको मूल्याङ्कनपछि डुटेर्टे मुद्दाको कार्यवाहीमा सहभागी हुन योग्य रहेको फैसला गरेका थिए । स्वास्थ्य समस्याका कारण उहाँ यसअघिका सुनुवाइमा सहभागी हुनुभएको थिएन । डुटेर्टेका प्रमुख कानूनी सल्लाहकार पिटर हेन्सले उहाँ अदालतमा उपस्थित हुन तयार रहेको बताउनुभएको छ ।

डुटेर्टेविरुद्धको आरोप उहाँ मेयर र पछि राष्ट्रपतिका रूपमा कार्यरत रहँदा सञ्चालन गरिएको भनिएको 'लागुऔषधविरुद्धको युद्ध' सँग सम्बन्धित छ । अभियोजन पक्षले प्रहरी तथा सरकारी संरक्षणमा परिचालित समूहहरूले उहाँको आदेशमा दर्जनौँ हत्या गरेको दाबी गरेको छ । डुटेर्टेले आरोप अस्वीकार गर्दै आउनुभएको छ । फिलिपिन्सको राष्ट्रिय प्रहरीले उक्त अभियानमा छ हजारभन्दा बढी मानिस मारिएको जनाएको छ भने मानवअधिकार समूहहरूले मृतकको सङ्ख्या ३० हजारसम्म रहेको दाबी गरेका छन् ।

आइसिसीले सन् २०१८ देखि उक्त अभियानबारे अनुसन्धान गर्दै आएको छ । डुटेर्टेले त्यसै वर्ष फिलिपिन्सलाई आइसिसीबाट अलग गर्ने घोषणा गर्नुभएको थियो । गत वर्ष उहाँको कानूनी टोलीले देश अदालतबाट बाहिरिसकेको आधारमा मुद्दा खारेज गर्न माग गरे पनि न्यायाधीशहरूले त्यसलाई अस्वीकार गरेका थिए । अदालतले विचाराधीन अपराधमा न्यायबाट जोगिन रोम विधानबाट अलग हुने अधिकार प्रयोग गर्न नसकिने उल्लेख गरेको थियो ।

डुटेर्टेलाई मार्च २०२५ मा पक्राउ गरिएको थियो । स्वास्थ्य अवस्थाबारे मूल्याङ्कन गर्न समय दिइएपछि उहाँको अदालतमा उपस्थित हुने प्रक्रिया ढिलाइ भएको थियो ।

यसैबिच, आइसिसीले डुटेर्टेको नेतृत्वमा राष्ट्रिय प्रहरी प्रमुख रहनुभएका रोनाल्ड डेला रोसाविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ । उहाँलाई पक्राउ गर्ने प्रयासका क्रममा गत मेमा फिलिपिन्सको सिनेटमा गोली चले पनि कसैलाई चोट लागेको थिएन । डेला रोसा त्यसयता सार्वजनिक रूपमा नदेखिनुभएको बताइएको छ ।

# श्रीलङ्काको अर्थतन्त्रमा सुधार, दोस्रो त्रैमासिकमा ४.२ प्रतिशत वृद्धि

कोलम्बो, ३१ भदौ (सिन्ह्वा)। श्रीलङ्काको अर्थतन्त्र सन् २०२६ को दोस्रो त्रैमासिकमा वार्षिक आधारमा ४.२ प्रतिशतले वृद्धि भएको छ। उद्योग क्षेत्रमा देखिएको बलियो गतिविधिले समग्र आर्थिक वृद्धिलाई टेवा दिएको भए पनि कृषि क्षेत्र भने सङ्कुचित भएको श्रीलङ्काको जनगणना तथा तथ्याङ्क विभागले सार्वजनिक गरेको आधिकारिक तथ्याङ्कमा उल्लेख छ ।

चालू मूल्यमा श्रीलङ्काको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ११.३ प्रतिशतले बढेर ८.२५ ट्रिलियन श्रीलङ्काली रूपैयाँ पुगेको छ। सन् २०२५ को सोही अवधिमा जीडीपी ७.४१ ट्रिलियन रूपैयाँ रहेको थियो। अमेरिकी डलरमा दोस्रो त्रैमासिकको जीडीपी करिब २५.०९ अर्ब डलर बराबर रहेको छ ।

तीन प्रमुख आर्थिक क्षेत्रमध्ये उद्योग क्षेत्रमा सबैभन्दा बढी वृद्धि देखिएको छ। उद्योग क्षेत्र सन् २०२६ को दोस्रो त्रैमासिकमा ७.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यो क्षेत्र ५.७ प्रतिशतले वृद्धि भएको थियो ।

उद्योगअन्तर्गत निर्माण क्षेत्र १३.९ प्रतिशतले विस्तार भएको छ भने खानी तथा उत्खनन क्षेत्र १७.४ प्रतिशतले बढेको छ। उत्पादनमूलक क्षेत्रमा पनि ३.२ प्रतिशतको वृद्धि भएको छ। काठजन्य सामग्री, गैर-धातु खनिज उत्पादन, फर्निचर, मेसिनरी तथा उपकरण र धातुजन्य उत्पादनमा भएको वृद्धि उत्पादन क्षेत्रमा देखिएको समग्र विस्तारको प्रमुख आधार बनेका छन् ।

सेवा क्षेत्र भने २.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको दोस्रो त्रैमासिकमा सेवा क्षेत्र ४ प्रतिशतले विस्तार भएको थियो । सूचना प्रविधिसम्बन्धी प्रोग्रामिङ तथा अन्य गतिविधि १० प्रतिशतले बढेका छन् । बीमा तथा पेन्सनसम्बन्धी गतिविधि ८ प्रतिशत र वित्तीय सेवा ७.७ प्रतिशतले वृद्धि भएका छन् । दूरसञ्चार क्षेत्रमा ४.८ प्रतिशत तथा आवास, खाद्य तथा पेय पदार्थसम्बन्धी सेवामा २.९ प्रतिशत वृद्धि भएको छ ।

यस अवधिमा कृषि क्षेत्र भने २.३ प्रतिशतले सङ्कुचित भएको छ। सन् २०२५ को दोस्रो त्रैमासिकमा कृषि क्षेत्र २.५ प्रतिशतले बढेको थियो। यस वर्षको गिरावट ताजा पानीमा गरिने माछा मार्ने तथा जलकृषि, धान खेती, उखु तथा सुर्ती उत्पादन, समुद्री माछा मार्ने तथा जलकृषि, रबर तथा चिया उत्पादनलगायतका गतिविधिमा आएको कमीका कारण भएको तथ्याङ्क विभागले जनाएको छ ।

चालू मूल्यका आधारमा श्रीलङ्काको कुल जीडीपीमा सेवा क्षेत्रको योगदान ५२.७ प्रतिशत रहेको छ। उद्योग क्षेत्रको हिस्सा २५.९ प्रतिशत तथा कृषि क्षेत्रको हिस्सा ८.४ प्रतिशत रहेको छ ।

तथ्याङ्क विभागका अनुसार दोस्रो त्रैमासिकमा मध्यपूर्वमा बढ्दो तनावसँग जोडिएको अनिश्चितता, कच्चा तेलको आपूर्तिसम्बन्धी चिन्ता तथा पर्यटन क्षेत्रमा देखिएको कमजोर प्रदर्शनले अर्थतन्त्रमा प्रभाव पारेको थियो।

यद्यपि, आयातमा भएको वृद्धिले औद्योगिक गतिविधिका लागि आवश्यक कच्चा पदार्थ तथा मेसिनरीको उपलब्धता सहज बनाएको विभागले जनाएको छ। यसले आयातसँग सम्बन्धित कर राजस्वमा समेत वृद्धि गर्न योगदान पुऱ्याएको थियो।

# के हुथी आक्रमणका कारण 'मक्का सम्झौता' सक्रिय होला ?

✍ रियाज खोखर

*(यदि साउदी अरबले औपचारिक अनुरोध गऱ्यो भने पाकिस्तान र टुर्कीएले हस्तक्षेप गर्नेछन् । तर, प्रत्यक्ष रूपमा यमन युद्धमा उनीहरूको संलग्नता हुने सम्भावना भने न्यून देखिन्छ ।)*

यमनका हुथी विद्रोहीहरूले मोचा बन्दरगाह कब्जा गरेका छन् र अब बाब अल–मन्देब जलडमरूको मुख्य जलमार्ग नियन्त्रण गर्ने धम्की दिएका छन् । उनीहरूले साउदी अरबका विभिन्न सहरहरूमा आक्रमण पनि गरेका छन्, जसमा करिब ७० जना घाइते भएका छन्, जसमा महिला र बालबालिकासमेत परेका छन् ।

साउदी अरबमाथि भएका हुथी आक्रमणले पारस्परिक रक्षा सम्झौतालाई सक्रिय बनाउन सक्छ । यदि त्यसो भयो भने पाकिस्तान र टुर्कीएको हस्तक्षेप कस्तो हुन सक्छ ?

यस प्रश्नको जवाफका लागि सुरुमा केही महत्त्वपूर्ण पृष्ठभूमि बुझ्नु आवश्यक छ ।

खाडी राष्ट्रहरूको मुख्य सुरक्षा साझेदार रहेको अमेरिकाले केही समययता यस्तो सङ्केत दिँदै आएको छ कि उसले क्षेत्रीय मुलुकहरूले आफ्नो प्रतिरक्षा र प्रतिरोधको मुख्य जिम्मेवारी आफै बहन गरून् भन्ने अपेक्षा राख्दछ । यद्यपि, यसमा अमेरिकी सहयोग महत्त्वपूर्ण भए पनि सीमित रहनेछ ।

त्यो अडान पहिले नै मैदानमा देखिन थालिसकेको छ । इरानविरुद्धको अमेरिकी–इजरायली द्वन्द्व सुरु भएयता, अमेरिकाले आफ्ना क्षेत्रीय साझेदारहरूलाई पूर्ण सुरक्षा प्रदान गर्न सकेको छैन । धेरै पटक त, उसले खाडी क्षेत्रमा रहेका आफ्नै सैन्य अखडाहरूमा भएका आक्रमणहरू रोक्न असफल भएको छ ।

अमेरिकाको उपस्थिति घट्दै गएको र वासिङटनले क्षेत्रीय स्तरमा जिम्मेवारी बाँडफाँडमा जोड दिइरहेको अवस्थामा खाडी मुलुकहरूले नयाँ रक्षा संरचनाबारे विचार गर्नुपर्ने भएको छ । सन् २०२५ को सेप्टेम्बरमा साउदी अरब र पाकिस्तानले आफ्नो पहिलो पारस्परिक रक्षा सम्झौतामा हस्ताक्षर गरे । पछि यसै वर्ष अगस्टमा टुर्कीएलाई समेट्दै विस्तार भयो र 'मक्का संयुक्त रक्षा सम्झौता' (Mecca Joint Defence Agreement) का रूपमा परिणत भयो ।

त्यसयता ती तीन मुलुकले रियादमा मुख्यालय रहने गरी एउटा संयुक्त सचिवालय स्थापना गरेका छन् र पाकिस्तानले सुरूवाती तीन वर्षको कार्यकालका लागि यसको अध्यक्षता सम्हालेको छ ।

सम्झौता हाल प्रारम्भिक चरणमै छ । यसले सार्वजनिक रूपमा ती सीमा वा परिस्थितिहरू खुलाउँदैन; जसअन्तर्गत कुनै सदस्य राष्ट्र प्रत्यक्ष सैन्य हस्तक्षेपको कदम चाल्नेछ । यसको सङ्गठनात्मक तथा संस्थागत संरचना–जसमा संलग्नतासम्बन्धी नियम, परामर्शका संयन्त्र तथा सामूहिक प्रतिरक्षा र अवरोधक क्षमता समावेश छन् – औपचारिक रूपमा विकास हुन बाँकी नै छ ।



अब, कुनै सदस्य राष्ट्रमाथि आक्रमण भएमा उक्त सम्झौता कसरी कार्यान्वयनमा आउँछ भन्ने प्रश्नमा फर्कौं ।

यसै साताको सुरुमा पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले साउदी अरबमाथि कुनै उक्साहटबिनाको आक्रमण भएमा वा यमन द्वन्द्वको असर साउदी भूमिसम्म फैलिएमा 'मक्का संयुक्त रक्षा सम्झौता' कार्यान्वयनमा आउने बताएका छन्; उनले यसमा "कुनै शङ्का हुनुहुँदैन" भनी थप जोड दिए ।

तर, आसिफले उक्त कार्यान्वयनले कस्तो रूप लिनेछ भन्नेबारे विस्तृत विवरण भने दिएनन् । गत महिना टुर्कीएका विदेशमन्त्री हाकान फिदानले स्पष्ट पारे कि 'मक्का सम्झौता (Mecca Pact) ले नाटो (NATO) ले जस्तै काम गर्नेछ – यदि कुनै सदस्य राष्ट्रमाथि आक्रमण भएमा, उसले आफूलाई आवश्यक पर्ने सहयोगको विशिष्ट प्रकारबारे सक्रियतापूर्वक अनुरोध र स्पष्टीकरण दिनुपर्नेछ ।

नाटोको धारा ४ ले कुनै सदस्य राष्ट्रलाई गठबन्धनभित्र परामर्श र सूचना आदानप्रदानका लागि बैठक आह्वान गर्न अनुमति दिन्छ । धारा ५ ले सहयोगी राष्ट्रहरूबाट आपसी सहयोगको अपेक्षा गर्दछ तर उक्त सहयोगको स्वरूप कस्तो हुने भन्ने निर्णय गर्ने जिम्मा भने सम्बन्धित राष्ट्रमै निहित रहन्छ ।




**टर्की, पाकिस्तान र साउदी अरबका विदेश मन्त्रीहरूले ३१ अगस्ट २०२६ मा इस्तानबुलमा 'मक्का संयुक्त रक्षा सम्झौता' अन्तर्गतको पहिलो समिति बैठकमा भाग लिँदै । *(मुराद सेजर/रोयटर्स)***

सन् २०१२ मा सिरियाले टुर्कीएको लडाकु विमान खसालेपछि, अङ्काराले परामर्शका लागि धारा ४ को प्रयोग गऱ्यो र विशेष रक्षा सहायताको अनुरोध गऱ्यो । प्रत्यक्ष सैन्य हस्तक्षेपको माग गर्नुको सट्टा, टुर्की सरकारले स्पष्ट रूपमा (Patriot) प्याट्रियट क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली (ब्याट्री) हरूको माग गऱ्यो । नाटो (NATO) ले उक्त अनुरोधलाई स्वीकृति दियो र टुर्कीएको हवाई क्षेत्रको सुरक्षाका लागि ती प्रणालीहरू तैनाथ गऱ्यो ।

यस सन्दर्भमा, यदि 'मक्का सम्झौता' लाई कार्यान्वयनमा ल्याउने हो भने, आफूलाई आवश्यक पर्ने सैन्य सहयोग र संलग्नताको स्वरूप निर्धारण गर्ने काम साउदी अरबले नै तय गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, यदि रियादले सैन्य सामग्री र गुप्तचर सहयोगभन्दा माथि उठेर पाकिस्तानी प्रत्यक्ष सैन्य हस्तक्षेपका लागि औपचारिक अनुरोध गऱ्यो भने, इस्लामावाद त्यसलाई पूरा गर्न बाध्य हुनेछ । तर, उक्त अनुरोध र प्रतिक्रियाको दायरा अझै पनि परामर्श बैठकमा परिभाषित गरी सहमति कायम गर्नुपर्ने हुन सक्छ ।

हालसम्म यीमध्ये कुनै पनि प्रावधानको परीक्षण भएको छैन, किनकि रियादले पाकिस्तान वा टर्कीसँगको सम्झौतालाई कार्यान्वयनमा ल्याएको छैन ।

अहिलेका लागि, यसमध्ये कुनै पनि कुराको परीक्षण भएको छैन किनभने रियादले पाकिस्तान वा टुर्कीएसँगको सम्झौतालाई कार्यान्वयनमा ल्याएको छैन ।

यसैबिच, कूटनीतिक प्रयासहरू तीव्र भएका छन्; पाकिस्तानका फिल्ड मार्शल आसिम मुनिर र साउदी विदेशमन्त्री राजकुमार फैसल बिन फरहान अल साउदले इरानका विदेशमन्त्री अब्बास अराघचीसँग कुराकानी गरेका छन् ।

इस्लामाबादले इरानलाई साउदी अरबमाथि आक्रमण गर्न तथा बाब अल–मान्देब जलमार्गलाई खतरा उत्पन्न गर्नबाट हुथीहरूलाई रोक्न सार्वजनिक रूपमा आग्रह गरेको छ । सम्झौतामार्फत रियादको रक्षाका लागि पाकिस्तानको प्रतिबद्धताको पनि तेहरानलाई स्मरण गराएको छ । अंकाराले हुथी र इरानलाई कूटनीतिक रूपमा नियन्त्रणमा राख्न सम्भवत: आफ्नै भूमिका खेल्नेछ ।

यदि कूटनीति असफल भएमा र साउदी अरब वा बाब अल–मान्देबमाथि हुथी आक्रमणहरू जारी रहे भने, टुर्कीए र पाकिस्तानले आफूले प्रदान गर्दै आएको हवाई तथा प्राविधिक सहयोग विस्तार गर्ने सम्भावना छ । इस्लामाबादले साउदी अरबमा तैनाथ करिब १६ वटा जेएफ–१७ थन्डर मल्टीरोल फाइटर (JF-17 Thunder) विमानहरूको एउटा हवाई स्क्वाड्रन, रक्षा प्रणाली र हजारौं सैनिकहरू पहिले नै तैनाथ गरिसकेको छ ।

तर, तत्कालका लागि यमनभित्र पाकिस्तानी सेनाद्वारा प्रत्यक्ष सैन्य कारबाही हुने सम्भावना कम देखिन्छ । सोभियत सङ्घविरुद्धको अफगान युद्धमा अमेरिकाको पक्षमा सहभागी हुँदा भोग्नुपरेका विनाशकारी र दीर्घकालीन असरहरूलाई मध्यनजर गर्दै, इरान र उसका सहयोगीहरूविरुद्धको युद्धमा सामेल हुन पाकिस्तान निकै सतर्क हुनेछ; किनकि यस्तोयुद्धको असर आफ्नो पश्चिमी सीमावर्ती प्रान्तहरूको अर्थतन्त्र, आन्तरिक सुरक्षा, साम्प्रदायिक सन्तुलन र सामाजिक सद्भावमा नकारात्मक असर पर्न सक्ने जोखिम उसलाई हुन्छ । हुथीहरूमाथि प्रत्यक्ष आक्रमण वा इरानसँगको लडाइँका लागि आन्तरिक सहमति जुटाउन पाकिस्तानी नेताहरूलाई कठिन हुनेछ ।

सम्भावित परिदृश्य यो हो कि पाकिस्तानले हुथीहरूलाई नियन्त्रणमा राख्न इरानमाथि संयुक्त कूटनीतिक दबाब बढाउनेछ, साउदी रक्षाका लागि आफ्नो सहयोग अझ सुदृढ गर्नेछ र बाब अल–मान्देबको सुरक्षा सुनिश्चित गर्न बहुराष्ट्रिय नौसैनिक गठबन्धनको पहल गर्नेछ । यस्तो संयमता अपनाउँदा 'मक्का सम्झौता' को मूल मर्म यथावत रहनेछ भने क्षेत्रीय तनाव कम गर्ने प्रयासलाई थप बल पुग्नेछ ।

मक्का सम्झौताजस्ता सम्झौताहरूले स्थापना गरिरहेको नयाँ सुरक्षा संरचना परिपक्व हुन वर्षौं लाग्नेछ । सामूहिक प्रतिक्रियाका संयन्त्र र नियमहरू विकास नभएसम्म, साउदी अरब र अन्य अरब साझेदारहरूसँग पाकिस्तानको विद्यमान द्विपक्षीय रक्षासम्बन्धी आवश्यकताहरूमा नै केन्द्रित रहनेछ ।

# भोटेकोसी बाढीको वैज्ञानिक अध्ययनका लागि समिति गठन

काठमाडौँ, ३१ भदौ । सरकारले रसुवाको भोटेकोसी बाढीको वैज्ञानिक आधार र प्रमाण खोज्न सात सदस्यीय विज्ञ अध्ययन समिति गठन गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बुधबार जल नीति तथा सुशासन विज्ञ देवेश बेल्बासेको संयोजकत्वमा अध्ययन समिति गठन गरेको हो ।

मन्त्रालयका प्रवक्ता मोहनकुमार शाक्यकाअनुसार समितिमा जलविद् (हाइड्रोलोजिस्ट) डा नरेन्द्रमान शाक्य, ग्लेसियोलोजिस्ट डा रिजनभक्त कायस्थ, रिमोट सेन्सिङ विशेषज्ञ डा उत्तमबाबु श्रेष्ठ, भूगर्भविद् (जियोलोजिस्ट) डा मेघराज धिताल, जलविद्युत् पूर्वाधार विज्ञ डा हरि पण्डित, विपद् जोखिम न्यूनीकरण विज्ञ अनिल पोखरेल सदस्य रहेका छन् । समितिले बाढीको उद्गम स्थलदेखि सम्पूर्ण तटीय क्षेत्र पुगेर स्थलगत अध्ययन गर्ने मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले बाढीको उत्पत्ति तथा त्यससँग जोडिएका हिमाली भू–जोखिमको वास्तविक कारण, घटनाक्रम र जलवायु परिवर्तनको सम्भावित भूमिकाबारे वैज्ञानिक अध्ययन गर्न लागेको हो ।

प्रवक्ता शाक्यकाअनुसार रसुवा विनासकारी बाढीलाई केबल सामान्य बाढीका रूपमा नभई उच्च हिमाली क्षेत्रमा उत्पन्न भएका विभिन्न भौगोलिक, हिमनदीय, जलविज्ञानसम्बन्धी तथा अन्य जोखिमहरू एकपछि अर्को रूपमा जोडिँदै विकसित भएको सम्भावित 'शृङ्खलाबद्ध विपद्' का रूपमा अध्ययन गर्नुपर्ने जल तथा ऊर्जा आयोगको सचिवालयको प्रस्तावअनुसार मन्त्रालयले वैज्ञानिक अध्ययन गर्ने निर्णयमा पुगेको हो ।

यसअघि जल तथा ऊर्जा आयोगको सचिवालयअन्तर्गतको जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले प्रारम्भिक अध्ययन गरेको थियो । प्रारम्भिक अध्ययनमा हालसम्म रसुवा घटनाको उत्पत्ति कहाँबाट भयो, कुन भौतिक प्रक्रियाबाट विपद् सुरु भयो र ती प्रक्रिया कसरी भोटेकोसी–ल्हेन्दे नदी प्रणाली हुँदै तल्लो क्षेत्रमा फैलियो भन्ने विषयमा पर्याप्त रूपमा प्रमाणीकरण भएको वैज्ञानिक प्रमाण भेटिएको छैन । त्यसैले जलवायु परिवर्तनलाई घटनाको कारणका रूपमा निष्कर्ष निकाल्नुअघि सम्पूर्ण घटनाक्रमको वैज्ञानिक अध्ययन आवश्यक रहेको सुझाव केन्द्रले दिएको थियो ।

अब समष्टिगतरूपमा भूगर्भ, तापक्रम र पानीको समग्र अध्ययन हुन लागेको हो । भोटेकोसीमा आएको बाढीले त्रिशूली करिडोर प्रभावित भएजस्तै यस्तो विपद् अरु नदी प्रणालीमा आउँदा ऊर्जा मन्त्रालयको विभिन्न पूर्वाधारमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले अध्ययनका लागि मन्त्रालयले यो अग्रसरता लिएको प्रवक्ता शाक्यले बताउनुभयो ।

उहाँका अनुसार रसुवा बाढीबाट ऊर्जा पूर्वाधारमा पुगेको क्षतिबाट पाठ सिकेर दीर्घकालीन रूपमा कसरी पूर्वतयारी गर्ने, जलविद्युत् उत्थनशीलता (जलवायु परिवर्तन, बाढी, खडेरी वा अन्य प्राकृतिक प्रकोपहरूसँग जुध्न र सङ्कटापन्न अवस्थामा पनि निरन्तर बिजुली उत्पादन गरिरहन सक्ने जलविद्युत् क्षमता) कसरी कायम गर्ने भन्ने पनि अध्ययन हुनेछ ।

मन्त्रालयका अनुसार तीन चरणमा अध्ययन हुनेछ । पहिलो चरणमा उच्च हिमाली क्षेत्रदेखि भोटेकोसी/ल्हेन्दे नदी प्रणाली र तटीय क्षेत्रसम्मको घटनाको समयक्रम तथा भौगोलिक क्षतिको अध्ययन गरिनेछ । यस क्रममा हिमनदी, चट्टानी तथा माटोको ढलान अस्थिरता, पहिरो, लेदो, नदीको बहाव र बाढीबिचको अन्तरसम्बन्ध अध्ययन गरिनेछ ।

दोस्रो चरणमा घटनाका तत्कालीन तथा अन्तर्निहित भौतिक कारण पहिचान गरिनेछ । तेस्रो तथा महत्त्वपूर्ण चरणमा मानवजनित जलवायु परिवर्तनले यी जोखिमहरूको सम्भावना, तीव्रता वा पूर्वतयारी अवस्थामा कति प्रभाव पारेको थियो भन्ने वैज्ञानिक रूपमा मूल्याङ्कन गरिनेछ ।

यसअघि सन् २०२४ सेप्टेम्बर २६–२८ मा नेपालमा भएको अत्यधिक वर्षा, बाढी तथा पहिरोको घटनालाई अन्तर्राष्ट्रिय वैज्ञानिक अध्ययन समूह 'वर्ल्ड वेदर एट्रिब्युसन' को अध्ययनले मानवजनित जलवायु परिवर्तनसँग सम्बन्धित प्रभावका रूपमा मूल्याङ्कन गरेको थियो । रसुवा–भोटेकोसीको घटना भने त्योभन्दा फरक प्रकृतिको हुन सक्ने भएकाले प्रत्यक्ष तुलना वा पूर्वनिर्धारित निष्कर्षभन्दा वैज्ञानिक प्रमाणका आधारमा अध्ययन गर्नुपर्ने निष्कर्षमा ऊर्जा मन्त्रालय पुगेको हो ।

प्रस्तावित अध्ययनमा हिमनदी तथा हिममण्डल विज्ञान, भूगर्भशास्त्र, भूरूपविज्ञान तथा पहिरो विज्ञान, जलविज्ञान तथा नदी जलयान्त्रिकी, मौसम विज्ञान तथा जलवायु विज्ञान, रिमोट सेन्सिन, विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन कारक विश्लेषणलगायतका विषयका विशेषज्ञहरूलाई सहभागी गराउने तयारी छ ।

भोटेकोसी/ल्हेन्दे नदी प्रणालीको सीमापार प्रकृतिलाई ध्यानमा राख्दै चीनतर्फ उपलब्ध वैज्ञानिक तथा जलवैज्ञानिक सूचनासमेत अध्ययनमा समेट्ने र आवश्यक वैज्ञानिक सहकार्य तथा तथ्याङ्क आदानप्रदान संयन्त्र विकास गर्ने प्रस्ताव गरिएको छ ।

उक्त मन्त्रालयका अनुसार प्रस्तावित उच्चस्तरीय वैज्ञानिक समितिले विपद्को सम्भावित उद्गमस्थलको स्थलगत भ्रमण गर्नेछ । स्थल निरीक्षणका क्रममा विस्तृत तस्वीर तथा भिडियो अभिलेख तयार गर्नुका साथै आवश्यकताअनुसार ड्रोन तथा सेटलाइट अवलोकन समेत प्रयोग गरिनेछ । मन्त्रालयले विज्ञ समितिलाई अध्ययनका लागि दुई महिनाको समय दिएको छ ।

समितिको अध्ययनपछि घटनाको वैज्ञानिक प्रकृति र उत्पत्तिबारे स्पष्ट प्रमाणका आधारमा ऊर्जा मन्त्रालयले बाढीलाई उपयुक्त वैज्ञानिक नाम दिने योजनासमेत गरेको छ ।

**अध्ययन किन ?**

रसुवा–भोटेकोसी घटनाको प्रकृति सामान्य अतिवृष्टि वा तापक्रमजन्य विपद्भन्दा फरक हुन सक्ने भएकाले जलवायु, हिममण्डल, भूगर्भ, भूरूप विज्ञान, जलविज्ञान तथा नदी प्रणालीबिचको अन्तरसम्बन्ध अध्ययन गर्नुपर्ने देखिएको मन्त्रालयले जनाएको छ ।

प्रवक्ता शाक्यकाअनुसार अध्ययनले विशेषगरी घटनाको मूल कारण के थियो, कुन–कुन प्राकृतिक प्रक्रिया क्रमश: सक्रिय भए, ती प्रक्रियामा जलवायु परिवर्तनको भूमिका कति थियो र गैर–जलवायुगत कारणको योगदान कति थियो भन्ने प्रश्नको उत्तर खोज्नेछ ।

यसका लागि विगतमा सोही नदी प्रणाली तथा आसपासका हिमाली क्षेत्रमा भएका समान प्रकृतिका घटनाको अभिलेखसमेत अध्ययन गरिनेछ । नदीको जोखिम तथा संवेदनशीलता, नदी किनारका बस्ती र पूर्वाधार, भौगोलिक बनावट तथा विगतका बाढी, पहिरो र हिमनदीसम्बन्धी घटनासँग तुलना गरिनेछ ।

**अध्ययनमा के–के विषय समेटिने?**

प्रस्तावित अध्ययनमा मौसम तथा जलवायु तथ्याङ्क, जलप्रवाह तथा हाइड्रोलोजिकल तथ्याङ्क, हिमनदी तथा हिममण्डलसम्बन्धी तथ्याङ्क, भूगर्भीय तथा भूरूपात्मक सूचना, रिमोट सेन्सिङ तथा जिआईएस तथ्याङ्क प्रयोग गरिनेछ ।

त्यसैगरी, घटनास्थलको स्थलगत अनुसन्धानमार्फत चट्टानको अवस्था, चिरा तथा कमजोर भू–भाग, ढलानको स्थिरता, पहिरोको सम्भावना, नदीको आकृति, उपलब्ध अवसाद तथा त्यसको बहावमा भएको परिचालनलगायत विषयको अध्ययन गरिनेछ ।

विशेषगरी, घटनाको स्रोत क्षेत्रमा रहेको चट्टानको आकार, क्षेत्रफल, सम्भावित आयतन तथा तौल, कति भाग खसेको थियो र चट्टान खस्नुको सम्भावित कारण के थियो भन्ने विषयमा विस्तृत अध्ययन आवश्यक हुनेछ ।

**जलवायु परिवर्तनको भूमिका कसरी मूल्याङ्कन गरिने ?**

अध्ययनमा घटना अघिको वर्षा, तापक्रम, हिमपात, हिउँ पग्लने अवस्था तथा उच्च हिमाली क्षेत्रमा विद्यमान जलवायुगत अवस्थाको विश्लेषण गरिने प्रवक्ता शाक्यले जानकारी दिनुभयो । साथै दीर्घकालीन तापक्रम तथा वर्षाको प्रवृत्ति, चरम वर्षाका घटना, नदीको बहाव र पुनरावृत्ति अवधिसमेत मूल्याङ्कन गरिनेछ ।

हिमनदीको आकार तथा परिवर्तन, हिमनदीको मास ब्यालेनस, हिमताल तथा हिमनदीय जलविज्ञान, जम्ने–पग्लिने प्रक्रिया र स्थायी तुषारभूमिको अवस्था पनि अध्ययनको महत्त्वपूर्ण हिस्सा हुनेछ ।

यसबाट जलवायु परिवर्तनले घटनाका लागि आवश्यक पूर्वअवस्था सिर्जना गरेको थियो कि थिएन, र यदि गरेको भए त्यसको योगदान कति थियो भन्ने वैज्ञानिक रूपमा परीक्षण गर्न सकिनेछ ।

# देशको अवस्थाबारे उब्जिएको प्रश्न

- भोटेकोसी हिमबाढीले रसुवा, नुवाकोट, धादिङ, गोर्खा, चितवनमा जनधनको क्षति गरेको २२ दिन भयो । यो हिमपहिरोमा नेपाली सेना - ४९, नेपाल प्रहरी - २५, सशस्त्र प्रहरी -१२, रसुवाका स्थानीय - १,३९३, नुवाकोटका स्थानीय - ६५१, अन्य जिल्लाका नुवाकोटमा हराएका - १,१३६, अन्य जिल्लाका रसुवामा हराएका १,२८६, सरकारी कर्मचारी - ७३, बैङ्क तथा वित्तीय संस्थाका कर्मचारी - २६, जलविद्युत् आयोजनाका भारतीय कर्मचारी - ४५, विदेशी नागरिक - ५८७ समेत कुल ५,१७९ बेपत्ता अवस्थामा रहेको सार्वजनिक भयो । हालसम्म फेला परेका शव १,३९९ भयो । स्वास्थ्य मन्त्रालयको प्रतिवेदनअनुसार भदौ २९ सम्म झाडापखालाको समस्या - ३६, रूघाखोकी र ज्वरोको समस्या २२० जनामा देखियो । उद्धार टोलीमा लागेकाहरू चिलिमे टनेलमा १३० मिटरभित्र पुगेको र त्रिशुली ३ 'बीरुको आवास भवनको भुइँ क्षेत्रबाहेक अन्य संरचना फेला नपरेको सार्वजनिक भयो । होल्डिङ सेन्टरमा वितरण गरिएका खानेपानी र खाद्यान्नका कारण पीडित जनता बिरामी भएको हो कि होइन ? रास्वपा सरकार के गर्दै छ ?
- तीन सातासम्म पनि रसुवाको टिमुरेमा उत्खनन् काम हुन नसकेको सार्वजनिक भयो । हालसम्म उद्धारमा नेपाली सेना ८,९००, सशस्त्र प्रहरी ५,००० र नेपाल प्रहरी ७,१०० खटिएको पनि बाहिरियो । प्रधानमन्त्री उद्धार कोषमा - १४ अर्ब ३ करोड जम्मा भए पनि पीडितको राहत र पुन:स्थापनाको काम प्रभावकारी नभएको हो कि होइन ?
- भदौ ३० गतेको प्रतिनिधिसभामा २७५ सांसदमध्ये हाजिरी १९७ भएको, दिउँसो १:२६ बजे सुरू भएको बैठकमा एक डेढ घण्टापछि धेरै कुर्सी रित्ता भएको, सत्तापक्ष रास्वपाका झण्डै दुईतिहाइ (१८२) मध्ये करिब ३० जना जति बाँकी रहेको, साँझ ५:४६ बजेतिर प्रस्ताव पारित हुँदा गणपूरक सङ्ख्या नजिक मात्र रहेको सार्वजनिक भयो । नेका, एमाले, तत्कालीन माओवादी र रास्वपाको सरकार र संसद् एकै ड्याङको मुलाजस्तै किन भयो ? गएको फागुन २१ गतेको निर्वाचनमा नयाँ र पुराना दल भनी जनतालाई धोका दिने काम भएको किन होइन ? संसद्मा हाजिर भएका सांसदहरूलाई रू. १००० बैठक भत्ता र रू. १००० यातायात खर्च पचाउने काममा के रास्वपा पनि लागेको हो ? माओवादी सशस्त्र द्वन्द्व, भूकम्प, कोभिड-१९, देशभरिकै आगजनी, हिमपहिरो-डुबान पीडित देश र जनताको समस्या समाधानमा रास्वपा सरकार र सांसदहरू लागेको खोइ ? के हिजो माओवादीले गाडीमा इन्धन भर्दा पेट्रोल पम्पमा र खाना खाँदा र बस्दा होटलमा बिल तिर्न नपरेझैं रास्वपा र यसको सरकारको अवस्था त्यसैतिर हो ?

**इजरायली....**

७ मा भएको आक्रमणमा एक हजार २०० भन्दा बढी मानिस मारिएपछि इजरायलले गाजामा आक्रमण गरेको थियो । हमासको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली सैन्य अभियानमा ७३ हजार ७०० भन्दा बढी मानिस मारिएका छन् ।

धेरै प्यालेस्टिनी घरबारविहीन भएका भने निर्माण सामग्रीको ठुलो अभावका कारण, धेरै गाजाका बासिन्दाले अस्थिर भवनहरूमा बस्ने जोखिम लिएका छन् ।

नागरिक सुरक्षा एजेन्सीले गाजापट्टीमा करिब दुई अजार भवन ढल्ने जोखिममा रहेको बताएको छ ।

हमासअन्तर्गतको गाजा सरकारको मिडिया कार्यालयले गाजाको पुनर्निर्माणमा ढिलाइ भएको औंल्याएको छ । सन् २०२५ अक्टोबरमा अमेरिकाले गरेको युद्धविरामको घोषणापछि इजरायलले गाजामा थप सहयोगको अनुमति दिएको छ । तर इजरायलले आक्रमण गरिरहेको छ र सैन्य प्रयोग गर्न सक्ने उपकरणहरूको दायरामा प्रवेश प्रतिबन्ध लगाएको छ ।

**कार्की...**

संसद् भवन परिसरभित्र जान लागेको एम्बुलेन्स गाडीलाई संसद् भवन परिसरको गेटनिर प्रदर्शनकारीहरूले रोकी त्यसभित्र रहेका चिकित्सक र अन्य व्यक्तिहरूलाई बाहिर निकाली एम्बुलेन्समा आगो लगाएको देखिन्छ । यसरी सशस्त्र प्रहरीको एम्बुलेन्समा सवार चिकित्सक र सशस्त्र प्रहरीलाई एम्बुलेन्सबाट प्रदर्शनकारीहरूले नै बाहिर निकाली सङ्घीय संसद् भवनको दक्षिण गेटबाट संसद् भवन परिसरभित्र मूल गेटसम्म लगी भित्र जान दिएको घटनाले परिसर वरपर रहेका सुरक्षाकर्मीहरूमाथि imminent threat थियो भन्ने कुरामा विश्वास गर्ने आधार देखिँदैन ।

**जनताप्रति...**

जेनजीहरूको आन्दोलनलाई मोड्ने, उत्तेजित पार्ने र आगजनी गर्ने काममा विदेशी दलालहरूको हात भएकोमा शङ्का छैन । ती विदेशी दलालहरूकै कारण देशको अरबौं - खरबौं रकम बराबरको धनमाल क्षति भयो । जसले देशको धनसम्पत्ति ध्वस्त गऱ्यो, आज तिनै युवाहरूको नेतृत्वमा सरकार छ । देशको सम्पत्तिमा तोडफोड र आगजनी गरेर देश कसरी विकास हुन्छ ? नेपाल समृद्ध र नेपाली कसरी सुखी हुन्छ ? नयाँ सरकारको यस्तै यस्तै कार्यशैलीले विगतको सरकारभन्दा यो सरकार झन् बेकाम्मे भएको थाहा हुन्छ । घटनाक्रमले वर्तमान सरकार संयुक्त राज्य अमेरिकाजस्ता विदेशी शक्ति राष्ट्रको उठबस या इसारामा चलिरहेको पुस्टि हुँदै छ । अरु देशको इसारामा चल्ने सरकारले देशलाई कहिल्यै आत्मनिर्भर बन्न अघि बढाउँदैन ।

सिंहदरबार, संसद् भवन आगजनी गरेको कुरा के सरकारलाई थाहा नहोला ? थाहा भएर पनि किन मौन ? जेनजी आन्दोलनपछि देशमा अराजक र उच्छृङ्खल गतिविधि बढेको देखिन्छ । हिंसात्मक अर्थात् आत्महत्या र आत्मदाहका प्रयासका गतिविधि बढेको देखिन्छ । युवा युवा र युवती युवती बिच कुटपिट, लुछालुछ भएको घटना हरेक दिनझैं घटिरहेका छन् । चोरी चकारी बढेको देखिन्छ । कुटपिट र आत्मदाह र आत्महत्याका प्रयासले देशमा नकारात्मक सन्देश छरेको छ । यस्तो नकारात्मक सन्देशले अशान्ति बढाउँछ; बेमेल बढाउँछ । आखिर यसले आपराधिक गतिविधि बढाउँछ । यो देश र जनताको निम्ति राम्रो लक्षण होइन । यसतर्फ सरकारको ध्यान जानुपर्ने हो । यसरी नै अराजक, उच्छृङ्खल र हिंसात्मक गतिविधिले स्थान पाउँदै गयो भने भोलिको समाज कस्तो होला ? यहाँका जनता कसरी सुरक्षित होलान् ?

युवा - विद्यार्थीहरूलाई राजनीतिक प्रशिक्षण दिइएन, देशभक्त बनाइएन, देश र जनताप्रति समर्पित बनाइएन भने देशमा बरोबर उपद्रव भइरहन्छ; देशको सम्पत्ति नोक्सान भइरहन्छ । क्षति पुगेको सम्पत्तिको मर्मत सम्भार, जीर्णोद्धार र पुन:निर्माण गरिहनुपर्दा देशको विकास कसरी हुन्छ ? जति जोगी आए पनि कानै चिरेका भनेजस्तै उस्तै सरकार बन्यो भने कसरी प्रगति हुन्छ; जनताको जीवन स्तर कसरी उठ्छ ? सरकारले जनतालाई कसरी काम मामको व्यवस्था गर्न सक्छ ? योग्यताअनुसार काम र कामअनुसारको ज्याला कसरी बन्दोबस्त गर्न सक्छ ?

**खेलाडीमा...**

र भलिबल सङ्घ विधानअनुसार सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल भलिबल सङ्घका अर्का उपाध्यक्ष युवराज श्रेष्ठले पर्यटन र सम्पदासँग खेलकुदलाई जोड्नुपर्ने धारणा राख्नुभयो । उहाँले भक्तपुरले खेलकुद तथा अन्य क्षेत्रमा गरेको अभ्यासबाट अन्य स्थानीय तहले पनि सिक्न सक्ने बताउनुभयो ।

जिल्ला खेलकुद विकास समिति भक्तपुरका अध्यक्ष राजु थापाले भक्तपुरमा करिब ३० वटा खेलकुद सङ्घ दर्ता भए पनि ७-८ वटा मात्र सक्रिय रहेको जानकारी दिनुभयो । खेलकुद सङ्घहरूलाई थप सक्रिय बनाउन आवश्यक रहेको उहाँको भनाइ थियो ।

भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले भक्तपुरले नेपाली खेलकुद क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्दै आएको बताउनुभयो । उहाँका अनुसार भक्तपुरका शशिसुन्दर मल्ल पहिलो अन्तर्राष्ट्रिय भलिबल कप्तान बन्नुभएको थियो । त्यस्तै, नेपालमा पहिलो बिच भलिबल प्रतियोगिता भक्तपुरमा आयोजना भएको, भक्तपुरका खेलाडीले अन्तर्राष्ट्रिय पदक हासिल गरेको, भलिबल खेल हेर्न शुल्क लिने व्यवस्था भक्तपुरबाट सुरु भएको तथा अन्तर्राष्ट्रिय स्तरका पहिलो रेफ्री पनि भक्तपुरकै रहेको उहाँले बताउनुभयो ।

सिटिङ भलिबलसम्बन्धी अन्तर्राष्ट्रिय गतिविधि भक्तपुरमा आयोजना हुनु आदि विभिन्न कारणले नेपाली भलिबल तथा समग्र खेलकुदको विकासमा भक्तपुरको महत्त्वपूर्ण योगदान रहेको अध्यक्ष रायले उल्लेख गर्नुभयो ।

सो साधारणसभाबाट विनोदचरण रायको अध्यक्षतामा ११ सदस्यीय नयाँ पदाधिकारी निर्विरोध निर्वाचित भएको थियो ।


## संविधान दिवस भव्यरुपमा मनाऔं

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म : १९९९/०१/२३
निधन: २०८३/०५/२०

यस साथीभाइ समूहका सदस्य रत्नप्रसाद सुवालकी ममतामयी आमा **मङ्गलमाया सुवाल**को दु:खद निधन भएको आज तेह्रौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीभाइ समूह**
सू.न.पा.-६, पाण्डोबजार, भक्तपुर

## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

फोन नं. ०१–६६१४६८६, ९८६०११६४४४

## २९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको २०८३ भदौ १५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको २९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : **२०८३ असोज १७ गते, शनिबार**
**समय** : **बिहान १०:०० बजे**
**स्थान** : **ब्रह्मायणी पीठ**

**छलफलका विषयहरू**

१. आ.व. २०८२/२०८३ को सञ्चालक समितिको प्रगति प्रतिवेदन तथा आ.व. २०८३/०८४ को कार्यक्रम तथा अनुमानित वार्षिक बजेट ।
२. आ.व. २०८२/२०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
३. आ.व. २०८२/२०८३ को बाह्य लेखा परीक्षण प्रतिवेदन ।
४. आ.व. २०८३/२०८४ को लागि बाह्य लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण ।
५. संरक्षित पुँजी फिर्ता कोष वितरण ।
६. लाभांश निर्धारण ।
७. संस्थाको नीति कार्यविधि संशोधन ।
८. नयाँ कार्यविधि अनुमोदन ।
९. आ.व. २०८२/२०८३ को सञ्चालक समितिका निर्णयहरू अनुमोदन ।
१०. साधारणसभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधिहरू चयन ।
११. विविध ।

**पुनश्च** :

१. साधारणसभामा उपस्थित भएबापत प्रतिशेयर सदस्यलाई करसहित रु. ६००।- (पाउने रकम रु. ५१०+ कर रु.९०) तथा बाल बचतकर्तालाई करसहित रु. ५००।- (पाउने रकम रु. ४२५+ कर रु.७५) खाजा खर्च रकम वितरण हुनेछ ।
२. उपस्थितिको लागि २०८३ असोज १६ गते बिहान ७:३० बजेदेखि ४:३० बजेसम्म संस्थाको कार्यालयमा र २०८३ असोज १७ गते, बिहान ९:०० बजेदेखि ३:०० बजेसम्म साधारणसभा स्थल ब्रह्मायणी पीठमा उपस्थिति जनाउन सकिनेछ ।
३. लाभांश रकम सदस्यकै खातामा पठाइनेछ र २०८३ असोज २० गते मङ्गलबारदेखि लाभांश रकम वितरण गर्नेछ ।
४. उपस्थित हुँदा अनिवार्य रूपमा पासबुक वा परिचयपत्रका साथ स्वयम् आउनु पर्नेछ ।
५. ऋणमा भाखा नाघेका ऋणीहरूलाई लाभांश तथा संरक्षित पुँजी फिर्ता कोषको सुविधा प्रदान गरिनेछैन ।
६. साधारणसभामा सदस्यहरूबाट सुझाव पेस गर्नुपर्ने भएमा २०८३ असोज ८ गते बिहीबार कार्यालय समयभित्र पेस गर्नुहुन अनुरोध गर्दछ ।

**सञ्चालक समिति**

## गुरू गणेश बचत तथा ऋण सहकारी संस्था लि.

भक्तपुर-९, चोफल, फोन नं.: ०१-६६१९५१८, ९७६८५१९४९४

यस संस्थाको १९ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशनमा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचन कार्यक्रम तपसिलबमोजिम हुने व्यहोरा सम्पूर्ण सदस्यहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**निर्वाचन तालिका**

| क्र.सं. | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन | २०८३/०६/०६ | बिहान ८:०० | | संस्थाको सूचनापाटीमा टाँस |
| २ | मतदाता नामावली दाबी/विरोध संशोधन | २०८३/०६/०७ | बिहान ८:०० बजे | दिउँसो २ बजे | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८३/०६/०८ | बिहान ८:०० | | |
| ४ | उम्मेदवारको दर्खास्त/निवेदन दर्ता | २०८३/०६/०९ | बिहान ७:०० बजे | १०:०० बजे | |
| ५ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८३/०६/११ | बिहान ८:०० | | |
| ६ | उम्मेदवारको नामावली दाबी/विरोध | २०८३/०६/१२ | बिहान ७:०० बजे | १०:०० बजे | |
| ७ | उम्मेदवारको नाम फिर्ता | २०८३/०६/१३ | बिहान ७:०० बजे | १०:०० बजे | |
| ८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३/०६/१४ | बिहान ८:०० | | |
| ९ | प्रचारप्रसार कार्यक्रम | २०८३/०६/१७ | दिउँसो १:०० बजे | दिउँसो २ बजे | ब्रह्मायणी पार्टी प्यालेस |
| १० | मतदान प्रारम्भ | २०८३/०६/१७ | दिउँसो २ बजेपछि | | |
| ११ | मतगणना प्रारम्भ | २०८३/०६/१७ | मतदान सकेपछि | | |
| १२ | निर्वाचन परिणाम घोषणा | २०८३/०६/१७ | मतगणना सकेपछि | | |
| १३ | शपथ ग्रहण र प्रमाणपत्र वितरण | २०८३/०६/१७ | निर्वाचन परिणाम घोषणा सकेपछि | | |

**नोट** : थप निर्वाचन प्रक्रिया र अरू विषय भएमा निर्वाचन समितिले निर्णय गरी जानकारी गराइनेछ ।

**संयोजक**
**निर्वाचन समिति**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा